## परिच्छेद : एक

## परिचय

पाठ्यक्रम शिक्षा प्रणालिको मेरुदण्ड हो । व्यक्तिको सर्वाङ्गीण विकासका लागी शिक्षा आधार स्तम्भ हो । व्यक्तिको सर्वाङ्गीण विकासले देश विकासमा टेवा पुऱ्याइरहेको हुन्छ । यस अर्थमा देशको सर्वाङ्गीण विकासका लागि पाठ्यक्रम महत्वपूर्ण तत्वको रुपमा रहेको छ ।

### १.१ अध्ययनको पृष्ठभूमि

दौडको मैदानको रुपमा लिइएको पाठ्यक्रममा विद्यार्थी तथा समुदायको आवश्यकता तथा चाहना अनुसारका विषयबस्तु राखेर स्थानिय पाठ्यक्रम निर्माण गरिन्छ ।

### १.१.१ स्थानिय पाठ्यक्रमको परिचय

मानव-जातिको विकासक्रमको इतिहाँस केलाउँदा परापूर्वकाल देखि नै मानिसहरुले आफूले जानेको ज्ञान, सिप, ब्यवहार तथा सामाजिक मूल्य र मान्यतालाई आफ्ना सन्ततीहरुमा हस्तान्तरण गर्दै आएको पाइन्छ । परम्परागत धारणा अनुसार कक्षा कोठामा शिक्षण गरिने विषयको सूचीलाइ पाठ्यक्रम भनियो । यस धारणा अनुसार पाठ्यांशलाई नै पाठ्यक्रम भन्ने गरेको पाइन्छ । आधुनिक र विस्तृत तथा व्यापक दृष्टिकोणका आधारमा भन्नुपर्दा पाठ्यक्रम त्यस्तो शैक्षिक योजना हो जसले विद्यार्थीहरुको उमेर, क्षमता,आवश्यकता र चाख अनुसारका ज्ञान सीप हासिल गराउन निर्देशन दिन्छ । विद्यार्थीका शैक्षिक प्राप्तिमा के कस्ता शिक्षण विधिहरु क्रियाकलापहरु र मूल्याङ्कन प्रविधिहरु अपनाउनु पर्दछ भनी शिक्षकलाई निर्देशन दिन्छ । यस आधारमा पाठ्यक्रम लाई शैक्षिक कार्यक्रमको संगठित र योजना वद्घ रुप भनिन्छ । ( शर्मा र शर्मा : २०६४)

विद्यालय तथा शिक्षकहरु द्वारा शिक्षाका उद्देश्य प्राप्तिका लागि गरिने योजना तथा निर्देशन अनूरुपका अनुभवहरु जुन विद्यार्थीले प्राप्त गर्छन, त्यो नै पाठ्यक्रम हो । (यूनेस्को)

शिक्षाका लक्ष्य हासिल गर्नका लागि बनाएको शैक्षिक कार्यक्रमनै पाठ्यक्रम हो । (शिक्षा मन्त्रालय : २०२८)

नेपाल बहु साँस्कृतिक, बहुभाषिक राष्ट्र हो । यहा भौगोलिक, सामाजिक, साँस्कृतिक, धार्मिक विविधताले गर्दा केन्द्र तहबाट निर्माण गरीने पाठ्यक्रमले समग्र राष्ट्रको प्रतिनिधित्व गर्न सक्दैन । त्यस्तै देश विकासका विभिन्न पक्षमा सबै नगरिकहरुको स्वामित्व र सहभागिता आवश्यक हुन्छ । यसै सन्दर्भमा शिक्षा क्षेत्रको सन्तुलित र समुचित विकासका

लागि स्थानिय रुचि, आवश्यकता लाई सम्बोधन गर्न स्थानिय सरोकारवालाहरुको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ शैक्षिक विकेन्द्रिकरणको अवधारण अनुरुप स्थानिय आवश्यकतालाई समेटनका लागि स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानिय सरोकारवालाहरुलाई सम्लग्न गराई शिक्षामा आवश्यक सुधार गर्न सकिन्छ । पाठ्यक्रम सुधार पद्धतिले पनि स्थानिय सरोकारवालाहरुको सहभागितामा स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन पक्षमा जोड दिन्छ । नेपालमा विद्यालय शिक्षाका लागि तयार गरीएको "राष्ट्रिय पाठ्यक्रम प्रारुप" ले शैक्षिक क्षेत्रमा देखा पर्ने शैक्षिक मुद्धा र चुनौतिलाई सम्बोधन गर्न स्थानिय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिएको छ । केन्द्रिय निकाय द्वारा पाठ्यक्रम तयार गरि कार्यान्वयनमा ल्याईने पाठ्यक्रम केन्द्रिय पाठ्यक्रम हो । हाम्रो देशमा पाठ्यक्रम विकास केन्द्रबाट विकसित एकै प्रकारको पाठ्यक्रम देशमा लागु गरिंदै आएको छ । केन्द्रिय पाठ्यक्रम खास स्थान विशेषको आवश्यकतामा मात्र आधारीत नभई औषत आवश्यकतालाई दृष्टिगत गरी तयार हुने भएकोले यस प्रकारको पाठ्यक्रमले स्थानिय आवश्यकतालाई प्रतिनिधित्व गर्न सक्दैन । विश्वव्यापी रुपमा सोच राखि स्थानिय रुपमा कार्यान्वयनमा ल्याऊ भन्ने मध्यमार्गी र समन्वयकारी अवधारणालाई मूर्त रुप दिनका लागि स्थानिय पाठ्यक्रमको आवश्यकता रहेको छ । यसले शैक्षिक विकेन्द्रिकरणलाई प्रवर्धन गर्दछ । स्थानिय सरोकारवालाहरुको आवश्यकता, चाहाना र उनिहरुकै सहभागितामा स्थानिय विषयबस्तुलाई समावेश गरी विकास र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानिय पाठ्यक्रम हो । प्रथामिक शिक्षा पाठ्यक्रम २०४९ ले एक विषय स्थानिय पाठ्यक्रमको प्रावधान गरे पनि कार्यान्वयनमा आउन सकेन । नेपालको परिपेक्षमा विद्यालय तहमा स्थानिय पाठ्यक्रम कार्यान्वयनको तह सम्म पुर्याउन खोजिएको यो सम्भवतः पहिलो प्रयास हो । कुनै पनि विद्यालयले १०० पूर्णाङ्कको स्थानिय परिवेस अनुसारको मातृभाषा वा स्थानिय विषयको रुपमा अन्य कुनै स्थानिय वातावरण अनुकुलको विषय छनोट गरी पाठ्यक्रम निर्माण गरी पठन पाठन गर्नु पर्ने प्रावधान प्राथमिक तह २०४९ को पाठ्यक्रममा राखिएको छ । र परिमार्जित पाठ्यक्रम २०६३ ले त्यसलाई निरन्तरता दिने प्रयास गरेको छ । (पाठ्यक्रम विकास केन्द्र : २०६७)

बहुभाषिक समुदायका बालबालिकाहरुलाई स्थानिय मातृभाषाको अध्ययन प्रोत्साहित गर्नुपदर्छ । कुनै विद्यालय वा समुदायले आफ्नो क्षेत्रको विद्यालयमा छुट्टै पाठ्यक्रम तयार गरी लागु गर्न चाहेमा पाठ्यक्रम राष्ट्रिय शिक्षाका उद्देश्य र लक्ष्यसंग मेल खाने हुनुपर्दछ र

नेपाल सरकार (संशोधित) शिक्षा मन्त्रालय बाट स्वीकृत गरीएको हुनु पदर्छ । (शिक्षा मन्त्रालय : २०४९)

आदिवासी, अल्पसंख्यक, समुदायलाई शिक्षाको पहुँचमा ल्याउन विद्यालय पाठ्यक्रममा विविध स्थानिय संस्कृतिको झलक दिन र यसलाई बालबालिकाहरुको दैनिक जीवनसंग बढि सान्दर्भिक गराउन पाठ्यक्रममा २०% अंश स्थानिय परिस्थिति र वातावरणमा आधारीत हुनुपर्ने छ । (शिक्षा मन्त्रालय : सन २००४)

प्राथमिक शिक्षा पाठ्यक्रममा राखिएका विषयहरु मध्ये सामाजिक अध्ययन सिर्जनात्मक कला तथा शारिरीक शिक्षा विषयको ८०% केन्द्रले र २०% स्थानिय तहले निर्माण गर्ने व्यवस्था छ । त्यसै गरि मातृभाषा र स्थानिय विषयको पुरै पाठ्यक्रम स्थानिय तहबाट निर्माण गर्ने भन्ने व्यवस्था गरिएको छ । कुनै विद्यालयले १०० पूर्णाङ्कको स्थानिय परिवेश अनुसार मातृभाषा वा स्थानिय विषयको रुपमा अन्य कुनै स्थानिय वातावरण अनुकुलको विषय छनोट गरी पाठ्यक्रम निर्माण गरी पठन पाठन गर्नु पर्ने प्रावधान प्राथमिक तहको २०४९ को पाठ्यक्रममा राखिएको छ र परिमार्जित पाठ्यक्रम २०६२ ले त्यसलाई निरन्तरता दिने प्रयास गरेको छ । विद्यालयले मातृभाषालाई विषयको रुपमा विकास गर्दा नेपाल सरकारको प्रचलित नियम कानुनको परिधिभित्र रहि स्थानिय भाषिक समुदायको भाषा, सँस्कृति, भेषभुषा, सीप तथा प्रविधि, मूल्य मान्यता आदिलाई स्रोतको रुपमा अङ्गिकार गर्नुपर्दछ । (शिक्षा मन्त्रालय : २०६६)

### १.१.२ उराव(झाँगड) भाषाको परिचय

नेपाल एक बहुभाषिक देश हो । यहाँ भारोपेलि परिवार,चिनियाँ तिब्बती परिवार, आग्नेय परिवार र द्रविड परिवार अर्न्तगतका ६० भन्दा बढी भाषाहरु बोलिन्छन । (भट्टराई :२०५५)

नेपालमा द्रविड परिवारको एउटै भाषा मात्र छ । त्यस भाषालाई कोशी नदी देखि पश्चिम तिर “धाँगर” भन्दछन् भने कोशी देखि पूर्वतिर “झाँगड” भन्ने चलन छ । नेपालको पूर्वी तराई झापा देखि पर्सा सम्म छरिएर बस्ने झाँगड जातिले बोल्ने भाषा द्रविड परिवारको हो । द्रविडका सन्तान झाँगड वा उरावले उत्तरी भारत र नेपालमा आजकल बोल्ने गरेको बोलीलाई कुरुखबोलि पनि भन्ने गरीन्छ । भाषाशास्त्रिहरुले झाँगड भाषा वा कुरुखबोली र दक्षिण भारतको तमुलियन भाषाका विचमा सम्बन्ध भएको बताएका छन् ।

भने उत्तर भारतको माल्टो, कुइखोण्ड, गोण्डी आदि भाषा र वलुचिस्तानको ब्राहुई भाषासँग पनि झाँगड भाषाको गहिरो सम्बन्ध रहेको उल्लेख गरेका छन् । तराई नेपालमा छरीएर रहेका उराँव वा झाँगडहरुको प्रमुख र सबभन्दा बढी वसोबासित क्षेत्र सुनसरी जिल्ला हो । सुनसरी जिल्लाका गा.बि.स हरु भोक्राहा, नरसिंह, रामनगर, भुटाहा, बसन्तपुर, जलपापुर, लौकही, सत्तेरझोडा, चाँदवेला, रामगञ्ज, वेलगछीया, मध्यहर्षाही, छिटाहा, तनमुना, कुसहा, भलुवा, औरावनी, चिमडी, अमहीवेला, रामगञ्ज सिनवारी, दुहवि आदीमा झाँगड जातिको बसोबास छ । भोक्रहाका नहरटोल, भुटाहाखाल, पूर्व खुनिया टोल, पश्चिम खुनियाटोल, वतहुटोल, ठरोगीटोल, लकडाटोल र चिरैलिटोलमा झाँगडहरु वसोबास गर्छन । अतः झाँगडहरु सुनसरीको भोक्राहा गा.बि.स.का प्रमुख बासिन्दा ठानिन्छन् । (भण्डारी र भण्डारी :२०६१)

जनगणना २०६८ अनुसार नेपालमा मातृभाषीको रुपमा ३३,६५१ झाँगड भाषी छन्। तिमध्ये २०७६ शहरी र ३१,५७५ ग्रामिण इलाकामा छन् । त्यस्तै हिमाल, पहाड र तराईमा वसोबास गर्नेहरुको संख्या क्रमश : २,२९२ र ३३,३५७ छ । क्षेत्रगत हिसावमा पूर्वाञ्चलमा २९,८९६ जना, मध्यमाञ्चलमा ३,३८२ जना, पश्चिमाञ्चलमा २३१ जना, मध्य-पश्चिमाञ्चलमा २१ जना र सुदुर पश्चिमञ्चलमा १२१ जना झाँगड भाषीको बसोबास रहेको छ ।

झाँगडहरुको भाषालाई कुँड्खा भाषा वा कुरुख मुन्दुरी पनि भनिन्छ । झाँगडहरु पूर्वी तराईमा छरिएर बसे पनि उनीहरु आपसमा वातचित गर्दा झाँगड भाषामै गर्दछन । झाँगडहरु झापा देखि पर्सा सम्म विभिन्न गाउँमा बस्ने हुँदा उनीहरुको भाषिक क्षेत्र भनेको झाँगड समाज नै हो । झाँगड समुदायबाट यो भाषा लोप हुदै गईरहेको छ । यो भाषा हाल सुनसरी, मोरङ्ग, सप्तरी, सिराहा, धनुषा, बारा, पर्सा, कञ्चनपूर र कैलालीमा बोलिन्छ । सुनसरी र मोरङ्गमा मात्र यो भाषा जिवित छ अन्य जिल्लाहरुमा अवशेषको रुपमा मात्र रहेको छ । (राई : २०६५)

कुड्खा वा कुरुख मुन्दुरी झाँगड (उराव) हरुको लिपि र भाषा चाहि उराव/झाँगड भाषा हो । यो लिपिमा देवानागरी लिपि जस्तै स्वर र व्यञ्जन बर्णहरु छन् । १२ वटा स्वर वर्णरहेको कुड्खा लिपिमा ऋ,ऐ,औ स्वरको व्यवस्था छैन त्यस्तै व्यञ्जन वर्ण ३३ वटा छन् । व्यञ्जन वर्णमा ड,ण लाई एउटै वर्णको रुपमा श, ष,स लाई एउटै वर्ण 'स' प्रयोग गरिन्छ । (खतिवडा : २०६८)

झाँगडहरु झापा, मोरङ्ग, सुनसरी, उदयपूर, सप्तरी, सिराहा, धनुषा, मोहत्तरी, सर्लाही, रौतहट, काठमाण्डौं, बारा, पर्सा, चितवन, लमजुङ्ग, तनहु, कास्की,स्याङजा,नवपरासी, वाँके र कैलालीमा छरिएर रहेका छन् । (स्थाटिस्टिकल ईथर बुक अफ नेपाल : १९९५)

नेपालको प्राथमिक तहको पाठ्यक्रममा स्थानिय पाठ्यक्रमको रुपमा मातृभाषालाई समाबेस गर्न पाउने व्यवस्था उल्लेख भए अनुसार विभिन्न भाषाका पाठ्क्रयमहरु निर्माण भइ कार्यान्वयनमा आइरहेको परिपेक्षमा प्राथमिक तहमा स्थानिय पाठ्यक्रमको रुपमा उराव (झाँगड) भाषाको पाठ्यक्रमको निर्माण र कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन गर्नु सान्र्दभिक ठानेको छु ।

## १.२ समस्याको कथन

नेपालका प्राथमिक विद्यालयहरुमा स्थानिय पाठ्यक्रमको रुपमा स्थानिय मातृभाषाको पाठ्यक्रम तयार गरी शिक्षण गर्न पाउने व्यवस्था छ तर अधिकांश विद्यालयहरुमा अंग्रेजी विषयलाई नै स्थानिय विषयको रुपमा अध्यापन गराउने गरेको पाइन्छ । यसले एकातर्फ राज्यले व्यवस्था गरेको अवसरको प्रयोग हुन सकिरहेको छैन् त अर्को तर्फ समुदायको मातृभाषा नै लोप त हुने हैन भन्ने अवस्था सिर्जना गराएको छ । समाजमा भाषिक द्वन्द्वको स्थिति सिर्जना भइरहेको वर्तमान अवस्थामा उरावहरुको उल्लेख्य वसोबास भएको स्थानमा प्राथमिक तहमा स्थानिय पाठ्यक्रमको रुपमा उराव भाषाको पाठ्यक्रमको निर्माण र कार्यान्वयनको अबस्था कस्तो छ ? उराव भाषाको पाठ्यक्रमको निर्माण र कार्यान्वयनमा कस्ता समस्या थिए वा छन् ? ती समस्या के कसरी समाधान गरीदै आइरहेको अवस्था छ ? वा समाधान गर्न सकिन्छ ? भन्ने कुराहरु यस अध्ययनका लागी समस्याका रुपमा रहेका छन् ।

## १.३ अध्ययनको औचित्य

प्रस्तुत अध्ययन अनुसन्धान एम.एड दोस्रो बर्षको पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषयको आंशिक आवश्यकता पूरा गर्नका लागी गरिएको भएता पनि यसले निम्न औचित्य राख्दछ ।

(क) स्थानिय पाठ्यक्रम निर्माताहरुका लागी उपयोगी हुनेछ ।

(ख) पाठ्यक्रम विद्धका लागी उपयोगी हुनेछ ।

(ग) उरावभाषी विद्वानहरुका लागी उपयोगी हुनेछ ।

(घ) विद्यालयहरुमा उराव भाषाको पाठ्यक्रम निर्माण र प्रयोगको दर बढाउन सहयोगी हुनेछ ।

(ङ) पाठ्यक्रम कार्यान्वयनको अनुगमन तथा परामर्श कर्ताहरुको लागी उपयागी हुनेछ ।

(च) स्थानिय पाठ्यक्रम सम्बन्धमा अध्ययन कर्ताहरुको लागी उपयोगी हुनेछ ।

## १.४ अध्ययनको उद्देश्यहरु

यो अध्ययनका उद्देश्यहरु निम्नाअनुसार रहेका छन् ।

(क) प्राथमिक तहमा उराव((झाँगड) भाषाको पाठ्यक्रमको निर्माणको अवस्थाको अध्ययन गर्ने ।

(ख) प्राथमिक तहमा स्थानिय पाठ्यक्रमको रुपमा उराव (झाँगड) भाषाको पाठ्यक्रमको कार्यान्वयनको अवस्थाको अध्ययन गर्ने ।

(ग) प्राथमिक तहमा स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्दा आइपरेका समस्या समाधानका उपायहरु पत्ता लगाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यो अध्ययनको उद्देश्यहरु प्राप्तिका लागि निम्न अनुसन्धानात्मक प्रश्नहरु निर्धारण गरिएको छन :-

(क) केन्द्रिय तहमा स्थानिय पाठ्यक्रमको निर्माण सम्वन्धमा व्यवस्था कस्तो छ ?

(ख) प्राथमिक तहमा स्थानिय पाठ्यक्रमको रुपमा उराव (झाँगड) भाषाको पाठ्यक्रमको निर्माणको अवस्था कस्तो छ ?

(ग) प्राथमिक तहमा स्थानिय पाठ्यक्रमको रुपमा उराँव (झाँगड) भाषाको पाठ्यक्रमको कार्यान्वयनको अवस्था कस्तो छ ?

(घ) स्थानिय पाठ्यक्रमको निर्माण र कार्यान्वयन गर्दा के कस्ता समस्या आइपरेका छन ?

(ङ)स्थानिय पाठ्यक्रमको निर्माण र कार्यान्वयन गर्दा आइपरेका समस्या कसरी समाधान गरिदैं आइएको छ ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनलाई पूर्वाञ्चलको सुनसरी जिल्ला अन्तर्गतका उराव वस्तीमा अवस्थित छनोटमा परेका ३ वटा सामुदायिक प्राथमिक विद्यालयहरु, ति विद्यालयका प्र.अ.हरु, व्यवस्थापन समितिका अध्यक्षहरु, ती विद्यालय रहेका स्रोत केन्द्रका स्रोतव्यक्तिहरु, जिल्ला शिक्षा कार्यलयका स्थानिय पाठ्यक्रम हेर्ने अधिकृत, शैक्षिक तालिम केन्द्र सुनसरीका पाठ्यक्रम विज्ञ अधिकृत, स्थानिय विषयको शिक्षकहरु, सम्बन्धित विद्यालयका विद्यार्थिहरु र प्राथमिक तहमा स्थानिय पाठ्यक्रमको रुपमा निर्माण गर्न सकिने १०० पूर्णाङ्कको स्थानिय विषय (मातृभाषा) को पाठ्यक्रममा सिमित गरिएको छ ।

## १.७ पारिभाषिक शब्दहरु

स्थानिय पाठ्यक्रम :-स्थानिय सरोकारवालाहरुको आवश्यकता, चाहना र सहभागिकतामा स्थानिय विषयबस्तुलाई समाबेश गरी निर्माण तथा कार्यान्वयन हुने पाठ्यक्रम ।

सामुदायिक विद्यालय :- नेपाल सरकारबाट विद्यालयको सर्म्पूण खर्च व्यहोर्ने गरी अनुमति र स्वीकृति प्राप्त विद्यालय ।

प्राथमिक विद्यालय :- कक्षा-१-५ संचालित विद्यालय ।

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष :- सामुदायिक विद्यालयको व्यवस्थापनका लागि अभिभावका तर्फबाट छनोट गरीएका प्रमुख व्यक्ति ।

स्रोत व्यक्ति :- स्रोतकेन्द्रको प्रमुख व्यक्ति

पाठ्यक्रम विज्ञ :- शैक्षिक तालिम केन्द्रमा पाठ्यक्रम निर्माणमा सल्लाह र सहयोग पुऱ्याउन खट्ने प्रमुख व्यक्ति ।

## परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पूनरावलोकन तथा सैद्धान्तिक ढाँचा

सम्बन्धित साहित्यको पूनरावलोकन तथा सैद्धान्तिक ढाँचाको अध्ययनले अनुसन्धानलाई नयाँ कुराको खोजिमा उत्प्रेरित गरि नयाँ-नयाँ कुरा पत्ता लगाउन सहयोग पुर्याउदछ । यसका लागि विभिन्न अनुसन्धानका निष्कर्षहरु, पुस्तकहरु, पत्र-पत्रिकाका लेख रचनाहरु अध्ययन गरिन्छ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

यो अध्ययनलाई पूर्णता दिनका लागि अध्ययन गरिएका विभिन्न सामग्रीहरु मध्य प्रमुख केही लेखहरु यसप्रकार रहेका छन् ।

अधिकारी (२०६८) का अनुसार विकेन्द्रिकरण भनेको केन्द्रिय सरकारका अधिकार, जिम्मेवारी, शक्ति, साधन, स्रोत, र उत्तर दायित्व स्थानिय तहका निकायमा स्थानान्तरण गर्ने प्रक्रिया हो । विकेन्द्रिकरण प्रजातान्त्रिक सुधारको अभिन्न तत्व हो जसले राजनितिक, प्रशासनिक, वित्तिय तथा योजना सम्बन्धि अधिकारलई केन्द्रबाट स्थानिय सरकारका परिषदमा हस्तान्तरण गर्ने प्रक्रिया अवलम्बन गर्दछ । यसबाट व्यापक जनसहभागिता जुटाउन स्थानिय जनतालाई आफ्नो वारेमा आफै निर्णय गर्न सक्ने गरी सशक्तीकरण गर्न उत्तरदायित्व र जवाफ देहीता बढाउन पनि सहयोग पुग्दछ । यसले साधन स्रोतको खोजि, परिचालन र व्यवास्थापन तथा सेवा प्रबाहमा कार्य कुसलता वढाउन र प्रभावकारिता ल्याउन महत्वपूर्ण रुपमा सहयोग पुर्‍याउँछ । यसमा केन्द्रले दिने र स्थानिय निकायले लिने भन्दा पनि सार्वभौम जनताको अधिकार स्थानिय निकाय मार्फत जनताले नै प्रयोग गर्न सक्ने अवसर प्रदान गर्नुपर्छ भन्ने मान्यता राखिन्छ ।

उपाध्याय (२०६५) का अनुसार शैक्षिक योजना, केन्द्रिय नीति, नियम तथा निर्देशन अनुसार सञ्चालित हुनुलाई प्रशासनिक केन्द्रिकरण भनिन्छ । आर्थिक अधिकार, कार्यान्वयनको अधिकार, निर्णयको अधिकार तथा उत्पादन एवं उपयोगको अधिकार स्थानिय स्तरमा हस्तान्तरण भई केन्द्रिय अधिकार प्रत्यायोजित हुनुलाई विकेन्द्रिकरण भनिन्छ । नेपालको सन्दर्भमा सर्म्पूण शैक्षिक नीति, नियम तथा योजना केन्द्रिय रुपमा बनि स्थानिय स्तरमा कार्यान्वयन गर्नु पर्दा स्थानिय स्रोत, साधनहरुको उचित परिचालन हुन नसक्ने र त्यस्ता योजनाले स्थानिय आवश्यकता र जनआकांक्षालाई सम्बोधन गर्न समेत नसक्ने

कारण शैक्षिक क्षेत्रमा सरोकारवालाको न्युन सहभागिताले शैक्षिक गुणस्तरमा समेत नकारात्मक प्रभाव परेको यर्थाथता रहेको छ । शिक्षाको खस्कदो गुणस्तरलाई मध्यनजर गर्दै गुणस्तर वृद्धि गर्न अनि स्थानिय आवश्यकता र जनचाहानालाई सम्बोधन गर्न, स्थानिय स्रोत साधनको अधिक्तम परिचालन गर्न सरोकारवालाहरुको सहभागिता वृद्धि गर्नुपर्ने हुन्छ । जसका लागि शैक्षिक विकेन्द्रिकरण एउटा कोसेढुङ्गा हुनेछ । शैक्षिक विकेन्द्रिकरणले स्थानिय स्रोत, साधन र मानव संसाधनलाई स्थानिय रुपमा परिचालन र खपत गर्ने तर्फ जोड दिएको पाइन्छ । शैक्षिक केन्द्रिकरणका कारण स्थानिय स्तरमा सरोकारवालाहरुको कम चासो र न्युन सहभागिताका कारण विद्यालय व्यवस्थापन र परिचालन गर्न जटिल भएको अवस्थामा शैक्षिक विकेन्द्रिकरणले विद्यालय क्षेत्रमा सरोकारवालाहरुको चासो वृद्धि हुने र सहभागिता बढाउन सकिने हुनाले विकेन्द्रिकरणले शैक्षिक गुणस्तर बढाउन सहयोग गर्ने तर्फ जोड दिएको छ । शैक्षिक विकेन्द्रिकरणमा खर्चको उत्तरदायित्व, राजस्व संकलनको जिम्मेवारी अन्तर निकाय वित्तिय हस्तान्तरण, ऋण लिने व्यवस्थामा स्वतन्त्रता हुने हुनाले आर्थिक तथा वित्तिय स्वतन्त्रता स्थानिय तहलाई दिनुपर्दछ । शैक्षिक विकेन्द्रिकरणले देशका विभिन्न क्षेत्र, भूगोल, जातजाति, भाषाभाषि, धर्म, लिङ्ग, वर्ण, समुह एवं समुदायलाई शैक्षिक न्याय दिन सक्ने भएता पनि सामाजिक संरचना, देशको केन्द्रिकृत शासन प्रणाली, परम्परागत शोच र शैली जस्ता पक्षमा परिर्वतन नहुँदा शैक्षिक विकेन्द्रिकरण योजना र प्रशासनिक विकेन्द्रिकरणमा समस्या हुन सक्दछ ।

स्थानिय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामाग्री (२०६७) का अनुसार केन्द्रिय निकायद्वारा पाठ्यक्रम तयार गरी कार्यान्वयनमा ल्याइने पाठ्यक्रम नै केन्द्रिय पाठ्यक्रम हो । स्थानिय सरोकारवालाहरुको आवश्यकता, चाहाना र उनीहरुकै सहभागितामा स्थानिय विषयबस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानिय पाठ्यक्रम हो ।

बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका (२०६६) का अनुसार विद्यालयले मातृभाषालाई विषयको रुपमा विकास गर्दा नेपाल सरकारको प्रचलित नियम कानुनको परीधि भित्र रही स्थानिय भाषिक समुदायको भाषा, संस्कृती, भेषभुषा, सीप तथा प्रविधि, मुल्य मान्यता आदिलाई स्रोतको रुपमा अङ्गिकार गर्नुपर्दछ । मातृभाषालाई माध्यम तथा विषयका रुपमा विद्यालयमा लागु गर्दा विद्यालयको बहुभाषिक समुदायका सबै वालवालिकाको हितलाई ध्यानमा राखेर सिकाई सरल र सहज बनाउन सम्बन्धित गाउँ

विकास समिति वा नगरपालिका र स्थानिय भाषिक समुदाय संग परामर्श गर्नु पर्दछ । विद्यालयबाट तयार पारिएका मातृभाषा विषयको पाठ्यक्रम एवं पाठ्यपुस्तकको मूल्याङ्कन गर्दा विद्यालय एवं भाषिक समुदायको समन्वयमा प्रत्येक बर्ष कम्तिमा १ वटा मातृभाषामा आधारित सामुदायिक ज्ञान महोत्सवको आयोजना गर्नुपर्नेछ र उक्त ज्ञान महोत्सवमा अभिभावकहरुले पाठ्यक्रममा आधारित प्रश्नहरु तयार गरी विद्यार्थीको मूल्याङ्कन गर्ने छन् । विद्यालयहरुमा मातृभाषामा अध्यापन गराउन कार्यरत शिक्षकहरु मध्ये सम्बन्धित मातृभाषाको वा स्थानिय मातृभाषा बोल्न, लेख्न एवं राम्रो संग प्रयोग गर्न सक्ने १ जना शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले मातृभाषाको शिक्षक तोक्ने छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) का अनुसार विद्यालयमा पठन पाठन हुने मातृभाषाको छनोट गर्दा वहुसंख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनोट गरिनुपर्ने, मातृभाषाको पठन पाठन गराउन नसक्ने विद्यालयले स्थानिय तहका लागी उपयोगी पेसा, धर्म, परम्परा, संस्कृती, रीतिरिवाज, स्थानिय सम्पदा, स्थानिय वातावरण संरक्षण, खेतीपाती, स्थानिय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदी मध्ये एक विषय वस्तु छनोट गरी पठन पाठन गराउन सक्नेछन् ।

प्राथमिक शिक्षा पाठ्यक्रम (२०६३) का अनुसार प्राथमिक शिक्षा पाठ्यक्रममा राखिएका विषयहरु मध्ये सामाजिक अध्ययन सिर्जनात्मक तथा शारिरीक क्रियाकलाप विषयको ८०% केन्द्रले र २०% स्थानिय तहले निर्माण गर्ने व्यवस्था छ । त्यसैगरी मातृभाषा र स्थानिय विषयको पूरै पाठ्यक्रम स्थानिय तहबाट निर्माण गर्ने भन्ने व्यवस्था गरिएको छ । कुनै पनि विद्यालयले १०० पुर्णाङ्कको स्थानिय परिवेश अनुसार मातृभाषा वा स्थानिय विषयको रुपमा अन्य कुनै स्थानिय वातावरण अनुकुलको विषय छनोट गरी पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्नु पर्ने प्रावधान प्राथमिक तहको २०४९ को पाठ्यक्रममा राखिएको छ र परिमार्जित पाठ्यक्रम २०६२ ले त्यसलाई निरन्तरता दिने प्रयास गरेको छ । स्थानिय पाठ्यक्रम निर्माणका चरणहरु निम्न छन् :-

(क) आवश्यकताको पहिचान (ख) उद्देश्य निर्धारण (ग) विषयबस्तुको छनोट (घ) कक्षागत सिकाई उपलब्धि विवरण (ङ) शिक्षण प्रक्रिया (क्रियाकलाप र विधि) (च) विद्यार्थी मुल्याङ्कन (छ) समय निर्धारण

स्थानिय पाठ्यक्रमका लागी आवश्यकता पहिचान भई विषय क्षेत्र छनोट भइसकेपछि शिक्षक, विद्यार्थी, विद्यालय, व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र बुद्धिजिवी

समेतको सक्रियतामा विद्यालय आफैले स्थानिय पाठ्यक्रम बनाउनु पर्छ । दुई वा सोभन्दा बढि विद्यालयको आवश्यकता र चाहाना एउटै भएमा स्रोतकेन्द्रको नेत्वमा स्थानिय पाठ्यक्रम निर्माण गर्नुपर्छ । जिल्ला भरिको आवश्यकता र विषय क्षेत्र एउटै भएमा जिल्ला शिक्षा कार्यालयले नेतृत्व गरी स्थानिय पाठ्यक्रम निर्माण गर्नुपर्छ । स्थानिय पाठ्यक्रम निर्माण गर्दा विद्यालय, स्रोतकेन्द्र र जिल्लाहरुबाट सम्भाव्य पाठ्यक्रम निर्माण गर्न सकिनेछ । स्थानिय पाठ्यक्रम कार्यान्वन गर्न उद्योगपति, व्यापारि, वुद्धिजिवी, शिक्षक, स्रोत व्याक्ति आदिलाई संलग्न गराई स्रोत व्यक्तिका रुपमा कक्षाकोठामा ल्याई अन्तरक्रिया गराउनुपर्छ । स्थानिय व्याक्तिसंग भेट, अन्तरक्रिया, स्थलगत भ्रमण, पुरातात्विक, भौगोलिक, ऐतिहासिक, साँस्कृतिक, कृषि व्यवसायमा संलग्न व्यक्तिसंग गई साक्षात्कार कार्य समेत गराउनु पर्नेछ ।

स्थानिय तहको पाठ्यक्रम विद्यालय, स्रोतकेन्द्र वा जिल्ला शिक्षा कार्यालय जसले निर्माण गरेको हो कार्यान्वयनमा परेका कठिनाइ र अध्ययनको सुझाव आदिका आधारमा उसैले परिमार्जन समेत गर्न सक्दछ ।

पाठ्यक्रम तथा पाठ्यसामग्री विकास निर्देशिका (२०५९) का अनुसार पाठ्यक्रम, पाठ्यपुस्तक निरन्तर परिर्वतन हुने प्रक्रिया हो । अतः समसामयिक परिर्वतनलाई समावेश गर्न यसलाई प्रत्येक नयाँ मुद्रणमा न्यूनतम रुपमा अद्यावधिक गरिनु उपयुक्त हुन्छ । पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य सामग्रीलाई अद्यावधिक, परिमार्जन वा सुधार गर्नु पदर्छ । मौजुदा पाठ्यक्रम कार्यान्वियन भएको पाँच शैक्षिक सत्र पूरा भए पछि परिामार्जन र १०-शैक्षिक सत्र पूरा भए पछि पूरै वा आंशिक परिवर्तन गर्न सकिन्छ ।

स्थानिय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामग्री (२०६७) का अनुसार राष्ट्रिय र अन्तराष्ट्रिय परिवेशका आधारमा स्थानिय पाठ्यक्रम निम्न सिद्धान्तमा आधारित हुनुपर्छ :-

(क) पाठ्यक्रम लोकतान्त्रिक हुनुपर्छ । (ख) पाठ्यक्रम खुल्ला हुनुपर्छ (ग) पाठ्यक्रम समावेशी हुनुपर्छ (घ) पाठ्यक्रम सन्तुलित हुनुपर्छ (ङ) पाठ्यक्रम समाज र राष्ट्रिय आवश्यकता पूरा गर्ने हुनुपर्छ । (च) पाठ्यक्रम जिवनोपयोगी सीपमा आधारित हुनुपर्छ । (छ) पाठ्यक्रम कामको संसार संग आधारित हुनुपर्छ ।

स्थानिय पाठ्यक्रम प्रयोगमा देखा परेका समस्याहरुमा स्थानिय तहमा स्थानिय पाठ्यक्रम निर्माण गर्न सक्ने खालको जनशक्ति नहुनु, स्थानिय तहमा पाठ्यक्रम विकास, निमार्ण एंवम् कार्यान्वयन गर्ने संस्थागत संयन्त्रको निर्माण हुन नसक्नु, स्थानिय तहमा पाठ्यक्रम विकास निर्माण एंवम् कार्यान्वियनका लागी आवश्यक वजेट नहुनु, स्थानिय तहमा पाठ्यक्रम विकास, निर्माण एंवम् कार्यान्वयनमा आन्तरिक तयारी र तत्परताको अभाव हुनु,

स्थानिय आवश्यकतमा आधारित पाठ्यक्रम विकास एंवम् निर्माण सम्बन्धमा शिक्षक, प्रधानाध्यापक, वि.व्या.स लगायतका सरोकारवालाहरुको क्षमता वृद्धि हुन नसक्नु, स्थानिय तहमा पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धित हाल उपलब्ध गराइएको तालिम र स्रोत साधन अपर्याप्त हुनु, स्थानिय पाठ्यक्रममा समावेश गर्नु पर्ने क्षेत्रका विज्ञ वा स्रोत व्याक्तिहरु उपलब्ध नहुनु, स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालयको स्थानिय पाठ्यक्रम विकास तथा निर्माण गर्ने क्षमता वृद्धि नहुनु, स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालयले स्थानिय पाठ्यक्रम विकास तथा निर्माण र कार्यान्वयनमा समन्वय नगर्नु, स्थानिय निकायमा पाठ्यक्रम सम्बन्धि जानकारी भएका पदाधिकारीको अभाव हुनु, पाठ्यक्रम विकास केन्द्रले एउटै तहको पाठ्यक्रम निर्माण गर्दा पनि पटके पाठ्यक्रम निर्माण गरी दिँदा स्थानिय तहमा पाठ्यक्रम निर्माणमा कठिनाई हुनु, निर्माण भएका स्थानिय पाठ्यक्रम को कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग सेवा टेवा दिन नसक्नु, नीतिगत अन्योलता रहनु जस्ता समस्याहरु नेपालका समुदायिक विद्यालयहरुमा रहेको कुरा वराल (२०६६) ले स्थानिय पाठ्यक्रमको व्यवहारिक प्रयोग : समस्या र समाधानमा उल्लेख गरेका छन् ।

त्यस्तै वरालले माथि प्रस्तुत समस्या समाधानका उपाय सम्वन्धमा स्थानिय तहमा स्थानिय पाठ्यक्रम निर्माण सम्वन्धित तालिम सञ्चालन गरीनु पर्ने, स्थानिय तहमा विद्यालय शिक्षक स्रोत व्यक्तिहरु र अन्य क्षेत्रका व्यक्तिहरुलाई पाठ्यक्रम निमार्ण सम्बन्धमा आवश्यक कार्यक्रम सञ्चालन गरी सक्षम बनाइनु पर्ने, स्थानिय तहमा विशेष गरी स्थानिय निकायमा पाठ्यक्रम विकास निर्माण एंवम् कार्यान्वयन गर्नका लागी संस्थागत सयन्त्रको निर्माण गरीनु पर्ने, स्थानिय तहमा पाठ्यक्रम निमार्णमा सहभागिता व्यापक बनाउनु पर्ने, स्थानिय तहमा पाठ्यक्रम विकास निर्माण एवम् कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था गरिनु पर्ने, स्थानिय आवश्यकतामा आधारित पाठ्यक्रम विकास एवम् निर्माण सम्बन्धमा शिक्षक, प्रधानाध्यापक, वि.व्या.स. लगायत सरोकारवालाहरुको क्षमता बृद्धि गरिनु पर्ने, स्थानिय पाठ्यक्रममा समावेश गर्नुपर्ने क्षेत्रका विज्ञ वा स्रोत व्यक्तिहरु उपलब्ध गराउनु पर्ने, स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालयको स्थानिय पाठ्यक्रम विकास तथा निर्माण गर्ने क्षमता वृद्धि गरिनु पर्ने, स्थानिय निकायमा स्थानिय पाठ्यक्रम सम्बन्धि जानकारी सम्बन्धित पदाधिकारीहरुलाई गराउनु पार्ने, पाठ्यक्रम विकास केन्द्रले एउटै तहको पाठ्यक्रमको कार्यान्वयनमा आवश्यक प्राविधिक सहयोग उवलब्ध गराउनु पर्ने, नीतिगत अन्योलता हटाउनु पर्ने कुरा उल्लेख गरेका छन् ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययनलाई पूरा गर्न एक निश्चित सैद्धान्तिक खाकालाई आधार बनाइएको हुन्छ । यहाँ प्रस्तुत शिर्षकमा अध्ययनलाई अगाडि बढाउन हिल्डा टावाको पाठ्यक्रम विकासको नमूना र शैक्षिक विकेन्द्रीकरणको सिद्धान्तलाई अनुसरण गररीएको छ । जसको संक्षिप्त स्वरुप यस प्रकार छ :-

पाठ्यक्रम विद्व हिल्डा टावाले शिक्षालाई एक सामाजिक शक्तिको रुपमा र विद्यालयलाई सामाजिक संस्थाको रुपमा लिनुपर्ने कुरा उल्लेख गरेकी छिन् । साथै उनले पाठ्यक्रम विकास प्रक्रियामा समाज र संस्कृतिको विश्लेषण गर्नु पर्ने कुरालाई जोड दिएकी छिन् । (खनाल : २०६४)

सिकाईका लागि गरिने योजना पाठ्यक्रम हो (हिल्डा टावा) । पाठ्यक्रम विकास एक तार्किक र क्रमबद्ध प्रक्रिया हो । यसका लागि टावाले पाठ्यक्रम विकासका निम्न चरणहरु उल्लेख गरेकी छिन् :-

पहिलो चरण :- आवश्यकताको पहिचान

दोस्रो चरण :- उद्देश्यहरुको निर्धारण

तेस्रो चरण :- विषयबस्तुको छनोट

चौथो चरण :- विषयबस्तुको संगठन

पाँचौं चरण :- सिकाई अनुभवको छनोट

छैटौं चरण :- सिकाई अनुभवको संगठन

सातौं चरण :- मुल्याकन, मूल्याकन प्रक्रिया र माध्यमहरुको निर्धारण

यी चरणहरुमा पहिलो र दोस्रो चरण उद्देश्य संग, तेस्रो र चौथो चरण विषयबस्तु संग, पाँचौ र छैटौ चरण शिक्षणसिकाई क्रियाकलाप संग र सातौ चरण मल्याङ्कन संग सम्बन्धित छ । (साभार शर्मा र शर्मा : २०६४)

“शिक्षकहरु भविष्यका मुख्य पाठ्यक्रम निर्माता बन्न सक्दछन् र व्यवस्थित तार्किक नमुना उनिहरुका लागि निकै महत्वपूर्ण मानिन सक्दछ” । टावा

शैक्षिक योजना केन्द्रिय निति, नियम तथा निर्देशन अनुसार सञ्चालित हुनुलाई प्रशासनिक केन्द्रिकरण भनिन्छ भने आर्थिक अधिकार र कार्यान्वयनको अधिकार, निर्णयको अधिकार तथा उत्पादन एवम् उपयोगको अधिकार स्थानिय स्तरमा हस्तान्तरित भई केन्द्रिय अधिकार प्रत्यायोजित हुनु विकेन्द्रिकरण हो । (उपाध्याय : २०६५)

सन् १९८५ तिर विश्व बैंकले विश्वका विभिन्न योजनाहरुको संरचनागत सुधार उपागमको अवधारणा अगाडी सारे पछि नेपालमा वि.स.२०५५ को स्थानिय स्वायत्त शासन ऐन पश्चात विकेन्द्रिकरणको शुरुवात भएको पाइन्छ । शिक्षा क्षेत्रमा आधारभूत प्राथमिक शिक्षा परियोजनाले विकेन्द्रिकरणलाई कार्य रुपमा ल्याएको छ । हाल जिल्ला शिक्षा योजना, नगर शिक्षा योजना,गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना यसका उदाहरण हुन् । (अर्याल :२०६६)

कुनै पनि निकायले पाठ्यक्रमको निर्माण गर्दा पाठ्यक्रमका तत्वहरुलाई समावेश गरी निर्माण, विकास र कार्यान्वयन गर्नु पर्ने हुन्छ । जसका लागि हिल्डा टावाका पाठ्यक्रम विकासको नमुना बढी प्रचलित छ । यो नमुना अनुसार प्राथमिक तहको स्थानिय पाठ्यक्रमको रुपमा उराव भाषाको पाठ्यक्रम निर्माणमा के कति भएको छ भनेर हेर्न यस अध्ययनमा शैक्षिक विकेन्द्रिकरणको सिद्धान्त अनुसरण गरीएको छ । शिक्षा क्षेत्रमा विद्यार्थीहरुका विविध चहाना र शैक्षिक पद्धतिको विविधता अनुसार शिक्षा प्रणालिमा रहेका जटिलताहरु तोड्न, शिक्षा क्षेत्रमा अभिभावकहरुको इच्छा र चाहानाहरुको परिर्पूति गर्न, केन्द्रियतहबाट सम्प्रेषण हुने संञ्चार प्रवाह ढिलो हुने समस्या समाधान गर्न, हाल विश्व व्यापिकरणले विश्वभरी नै विभिन्न शैक्षिक कार्यक्रम संञ्चालन भइरहेकोले त्यस्ता कार्यक्रमहरुमा प्रतिवद्धता जनाउन, शिक्षामा प्रादेशिका योजनाहरुको कार्यान्वयन गर्न, शिक्षा क्षेत्रमा स्वामित्वको भावनाको विकास गर्न, विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न समेत शैक्षिक विकेन्द्रिकरणले महत्वपूर्ण भुमिका निर्वाह गरेको छ । नेपालमा प्रजातन्त्रको पुनः स्थापना पछि शैक्षिक विकेन्द्रिकरणलाई आत्मसाथ गर्दै प्रथामिक तहमा स्थानिय पाठ्यक्रमको रुपमा ऐच्छिक विषय राख्न पाउने जसमा मातृभाषा समावेश गर्ने व्यवस्था थियो । जुन अहिले थप परिस्कृत र शसक्त रुपमा बढी रहेको छ ।

## २.३ शैक्षिक उपादेयता

स्थानिय पाठ्यक्रम संग सम्बन्धित विभिन्न लेख, रचना तथा दस्तावेजहरुको अध्ययनको क्रममा ऐन, नियमावली तथा निर्देशिकामा स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धि व्यवस्था भए पनि प्रभावकारी रुपमा कार्यान्वयन नभई रहेको परिपेक्षमा यस अध्ययनले शैक्षिक विकेन्द्रिकरणको आवश्यकता उल्लेख गर्दै शैक्षिक विकेन्द्रिकरणको जगमा टेकेर स्थानिय पाठ्यक्रमको रुपमा उराव (झाँगड) भाषाको पाठ्यक्रम निर्माण र कार्यान्वयनका सवालमा आइपर्ने समस्या समाधान गर्न र विद्यालयहरुमा आफ्ना समुदायको प्रत्यक्ष सहभागिता हुने पाठ्यक्रम छनोटमा यो अध्ययन उपयोगि हुनेछ ।

**अवधारणात्मक ढाँचा**

हिल्डा टावाका पाठ्यक्रम विकासका चरणहरु

↓

पहिलो चरण :- आवश्यकताको पहिचान

↓

दोस्रो चरण :- उद्देश्यहरुको निर्धारण

↓

तेस्रो चरण :- विषयबस्तुको छनोट

↓

चौथो चरण :- विषयबस्तुको संगठन

↓

पाँचौ चरण :- सिकाई अनुभवको छनोट

↓

छैटौं चरण :- सिकाई अनुभवको संगठन

↓

सातौं चरण :- मुल्याकन, मूल्याकन प्रक्रिया र माध्यमहरुको निर्धारण

## परिच्छेद : तीन

## अध्ययन विधि

अध्ययन अनुसन्धानलाई संक्षिप्त र व्यवस्थित बनाउनका लागि अनुसन्धानकर्ताको रुचि, चाहना, क्षमता, अवस्था आदिका आधारमा तथ्याङ्क संकलन तथा विश्लेषणको कार्यविधि तयार गरिन्छ । जुन अध्ययन विधि अर्न्तगत पर्दछ ।

### ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनलाई विश्वसनिय र वैध बनाउनका लागि संख्यात्मक तथा गुणात्मक तथ्याङ्क संकलन गरी परिमाणात्मक तथा गुणात्मक  अनुसन्धान ढाँचाको प्रयोग गरिएकोछ । यस अध्ययनको लागि रणनितिक ढाँचा यसप्रकार रहेको छ :-

| क.स. | उद्देश्य | साधनहरु | प्रतिक्रिया दाताहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्र.अ. | वि.व्या. | स्रोत | जि.शि. का | तालिम | स्थानिय | विद्यार्थी | विद्यालयको दस्तावेज |
| १ | प्राथमिक तहमा उराव भाषाको पठ्यक्रमको निर्माणको अवस्था अध्ययन गर्ने । | अन्तरवार्ता प्रश्नावली दस्तावेज अध्ययन | √ | √ | √ | √ | √ | √ | √ | √ |
| २ | प्राथमिक तहमा स्थानिय पाठ्यक्रमको रुपमा उराव भाषाको पाठ्यक्रमको कार्यन्वयनको अवस्थाको अध्ययन गर्ने | अन्तरवार्ता प्रश्नावली दस्तावेज अध्ययन | √ | √ | √ | √ | √ | √ | √ | √ |
| ३ | प्राथमिक तहमा स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्दा आईपरेका समस्या समाधानका उपायहरु पत्ता लगाउने । | अन्तरवार्ता प्रश्नावली | √ | √ | √ | √ | √ | √ | | |

### ३.२ अध्ययनको जनसंख्या

यस अध्ययनलाई समग्र अध्ययनको रुपमा प्रतिनिधित्व गराई सहि निष्कर्षमा पुऱ्याउन उराव (झाँगड) वस्तिमा रहेका छनोटमा परेका सामुदायिक प्राथमिक विद्यालयका प्र.अ.हरु, वि.व्या.स का अध्यक्ष (प्रतिनिधिहरु), ति विद्यालयहरु रहेका स्रोत केन्द्रका स्रोत व्याक्तिहरु, जिल्ला शिक्षा कार्यालयका अधिकृत, शौक्षिक तालिम केन्द्रका सुनसरीका  अधिकृत, स्थानिय विषय शिक्षण गर्ने शिक्षकहरु र सम्वन्धित विद्यालयका विद्यार्थीहरुलाई जनसंख्याको रुपमा लिइएको छ ।

### ३.३ नमुना छनोट

यस अध्ययनका लागी निम्नानुसारको नमूना छनोट विधिको प्रयोग गरी नमूना छनोट गरिएको छ ।

#### ३.३.१ जिल्ला छनोट

यस अध्ययनका लागी उद्देश्य मूलक नमुना छनोट विधिद्वारा सुनसरी जिल्ला छनोट गरीएको छ ।

#### ३.३.२ विद्यालय छनोट

यस अध्ययनका लागी उद्देश्यमूलक नमुना छनोट विधिद्वारा उराव (झाँगड) बस्तीमा रहेका ३ वटा सामूदायिक प्राथमिक विद्यालयहरु छनोट गरीएको छ ।

#### ३.३.३ प्रधानाध्यापक छनोट

यस अध्ययनका लागी छनोटमा परेका विद्यालयका प्र. अ. हरुलाई लिइएको छ ।

#### ३.३.४ वि.व्या.स. अध्यक्ष(प्रतिनिधि) को छनोट

यस अध्ययनका लागी छनोटमा परेका विद्यालयका वि.व्या.स का अध्यक्ष वा उनका प्रतिनिधि १/१ जनाको दरले लिइएको छ ।

#### ३.३.५ स्रोत व्यात्तिको छनोट

यस अध्ययनको लागी छनोट परेका विद्यालयहरु रहेका स्रोत केन्द्रका स्रोत व्यक्तिहरुलाई नमूनाको रुपमा लिइएको छ ।

#### ३.३.६ जिल्ला शिक्षा कार्यालयका अधिकृतको छनोट

यस अध्ययनका लागी उद्देश्यमूलक नमुना छनोट विधिद्वारा जि.शि.का. सुनसरीका अधिकृतहरु मध्ये एक जना अधिकृत नमुनाको लिइएको छ ।

#### ३.३.७ तालिम केन्द्रका अधिकृतको छनोट

यस अध्ययनका लागी उद्देश्यमूलक नमुना छनोट विधिद्वारा शैक्षिक तालिम केन्द्र सुनसरीका एक जना अधिकृतको छनोट गरीएको छ ।

#### ३.३.८ विषय शिक्षकको छनोट

यस अध्ययनका लागी उद्देश्यमूलक नमुना छनोट विधि द्वारा छनोट मा परेका विद्यालयहरुवाट १/१ जनाको दरले स्थानिय विषय शिक्षण गर्ने शिक्षकहरुलाई नमुनाको रुपमा लिइएको छ ।

### ३.३.९ विद्यार्थी छनोट

यस अध्ययनका लागी उद्देश्यमूलक नमूना छनोट विधिद्वारा छनोटमा परेका विद्यालयहरुमा उच्च कक्षाहरुमा अध्ययन गर्ने विद्यार्थीहरु मध्ये वाट प्रति विद्यालय २/२ जनाका दरले नमूना छनोट गरीएको छ ।

## ३.४ तथ्याङ्को स्रोत

यो अध्ययनलाई निर्ष्कषमा पुऱ्याउनका लागी तथ्याङ्क संकलनका प्राथमिक र गौण दुवै स्रोतको प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

अध्ययन अनुसन्धानलाई पूर्णता दिई यर्थाथ नतिजा प्राप्त गर्नका लागी अनुसन्धान कर्ता आफै अनुसन्धान स्थलमा गई तथ्याङ्क संकलन गरिन्छ भने त्यो तथ्याङ्को प्राथमिक स्रोत हो । यस अध्ययनमा अर्न्तवाता र प्रश्नावली प्रयोग गरीएको छ ।

### ३.४.२ गौण स्रोत

अध्ययन अनुसन्धानलाई विश्वसनिय तथा वैध बनाउनका लागी प्राथमिक स्रोत मात्र पर्याप्त हुदैन् । यसका लागि अरुद्वारा मुद्रित, संकलित तथ्याङ्कहरु संकलन गरिन्छ । जुन गौण स्रोत हुन । यस अध्ययनमा दस्तावेजहरु, विद्यार्थी विवरणहरु,पाठ्यक्रमहरु गौण स्रोतको रुपमा प्रयोग गरिएको छ ।

## ३.५ अनुसन्धानका साधनहरु

यस अध्ययनका लागी तथ्याङ्क संकलन गर्न निम्नानुसारका साधनहरुको प्रयोग गरीएको छ ।

### ३.५.१ अन्तर्वाता

यस अध्ययनलाई पूरा गर्नका लागी छनोटमा परेका विद्यालयका प्र.अ.हरु र वि.व्या.स का अध्यक्षहरुका लागी पूर्व तयार पारिएका प्रश्नहरुको साहायताले अन्तर्वाता संञ्चालन गरिएको छ । प्र.अ. का लागी अनूसुची १ मा र वि.व्या.स अध्यक्षका लागी अनुसूची २ मा नमूना प्रश्नहरु तयार गरिएका छन् । उपरोक्त प्रश्नहरुवाट सहि र आवश्यक सुचना प्राप्त नहुदा थप प्रश्न गरिएका छन ।

### ३.५.२ प्रश्नावली

यस अध्ययनलाई पुरा गर्न छनोटमा परेका स्रोत व्यक्तिहरु, जि.शि.का. को अधिकृत, तालिम केन्द्रको अधिकृत, स्थानिय विषय शिक्षण गर्ने विषय शिक्षकहरु र विद्यार्थीहरुका लागी प्रश्नावलिको प्रयोग गरिएको छ । स्रोत व्यक्तिहरुका लागी अनुसूची ३, जि.शि.का. को अधिकृतका लागी अनुसूची ४, तालिम केन्द्रको अधिकृतका लागी अनुसूची ५, विषय शिक्षकका लागी अनुसूची ६ र विद्यार्थीका लागी अनुसूची ७ मा उल्लेखित प्रश्नावलीहरुको प्रयोग गरीएका छन । प्रश्नावली आफ्नै उपस्थितिमा भराइएका छन ।

### ३.५.३ दस्तावेज अध्ययन

यस अध्ययनलाई पूरा गर्नका लागी विद्यालयहरुमा रहेको विभिन्न विवरण तथा तथ्याङ्कहरुको अध्ययन  गरी अनुसूची ८ को ढाँचामा सुचनाहरु र स्थानिय पाठ्यक्रम संकलन गरीएको छ ।

### ३.६ साधनको वैधता

यस अध्ययनमा आवश्यक साधनहरु पूस्तकालय अध्ययन गरी निर्माण गरिएकाछन् । जसको वैधताका लागी कलेजका विषय शिक्षकहरुको सल्लाह, सुझाब एवंम् निर्देशनलाई आधार मानेर संसोधन परिमार्जन तथा परिवर्तन गरी कार्य गरिएको छ ।

### ३.७ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलनका लागि अन्तर्वार्ता सञ्चालन गर्न आफै संलग्न भई अनुसूची -१ र २ मा भएको प्रश्नहरुको सहायतामा सूचना संकलन गरिएको छ । अन्तर्वातामा सहायक प्रश्न पनि प्रयोग गरिएको छ । प्रश्नावलीका लागि अनुसूची – ३,४,५,६,७ मा भएका प्रश्नहरुलाई प्रयोग गरेर आफ्नै संलग्नता निर्धारित फारम भराई सूचना संकलन गरिएकोछ । विद्यालयमा भएका अभिलेख तथा विवरणहरुको अध्ययन तथा अवलोकन गरी अनुसूची – ८ को आधारमा सूचना संकलन गरिएको छ ।

## परिच्छेद : चार

## तथ्याङ्कको व्याख्या र विश्लेषण

स्थानिय पाठ्याक्रमको निर्माण र कार्यान्वयन प्रकिया एक प्राज्ञिकका साथै प्राविधिक कार्य पनि हो । पाठ्यक्रम निर्माण गर्दा विभिन्न निश्चित प्रकिया अवलम्बन गर्नु पर्ने हुन्छ । यस अध्ययनमा उराव भाषाको पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धमा अध्ययन गर्न प्रकाशपुर र दुहवी स्रोत केन्द्रमा रहेका तीनवटा सामुदयिक प्राथमिक विद्यालयका प्र.अ., वि.व्या.स. अध्यक्ष, स्रोत व्यक्ति, जिल्ला शिक्षा कार्यालयका अधिकृत, तालिम केन्द्रका अधिकृत, स्थानिय विषय शिक्षण गर्ने शिक्षक, विद्यार्थी तथा त्यस सँग सम्बन्धित विभिन्न अभिलेख बाट संकलित सुचनाहरुका आधारमा व्याख्या तथा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### ४.१ प्राथमिक तहमा स्थानिय भाषाको पाठ्यक्रमको रुपमा उराव (झाँगड) भाषाको पाठ्यक्रम निर्माणको अवस्था

नेपाल राष्ट्रिय शिक्षा आयोग २०४९ को सिफारिसका आधारमा बहुभाषिक समुदायका बालबालिकाहरुलाई स्थानिय मातृभाषाको अध्ययनमा प्रोत्साहित गर्न प्राथमिक तहमा एउटा छुटै १०० पुर्णाङ्कको विषय राख्ने प्राथमिक पाठ्यक्रम २०६२ देखि गरिएको छ(पा.वि.के) । उक्त पाठ्यक्रमका लागि विषय बस्तु छनोट देखि लिएर विकासका सम्पुर्ण प्रक्रिया स्थानिय तहमा नै गर्नु पर्ने उल्लेख छ । जसले विकेन्द्रिकरणको सिद्धान्तलाई अगालेको देखिन्छ । नेपालको पूर्विय क्षेत्रको सुनसरी जिल्लामा उरावको बस्ती उल्लेख्य छ । त्यहाँ प्राथमिक तहमा स्थानिय पाठ्यक्रमका रुपमा उराव भाषाको पाठ्यक्रम निर्माण सम्बन्धमा यहा खोज गरिएको छ ।

#### ४.१.१ स्थानिय पाठ्यक्रम निर्माणका चरणहरु

प्राथमिक शिक्षा पाठ्यक्रम ( २०६३ ) ले स्थानिय पाठ्यक्रमका लागी आवश्यकताको पहिचान, उद्देश्य निर्धारण, विषयवस्तु छनोट, कक्षागत सिकाइ उपलब्धि विवरण, शिक्षण प्रक्रिया (क्रिया कलाप र विधि) विद्यार्थी मूल्याङ्कन र समय निर्धारण चरणहरु अनुसरण गर्नु पर्ने उल्लेख गरेको पाइन्छ ।

प्राथमिक तहमा उराव भाषाको पाठ्यक्रम निर्माण गर्दा उराव समुदायको बस्तीमा मातृभाषा भन्दा बाहेकको भाषामा शिक्षण गर्न कठिनाइ महसुस गरी आवश्यकताको पहिचान गरी स्थानिय विषयको रुपमा उरावभाषाको पाठ्यक्रम निर्माणको प्रक्रिया अगाडि सारेको पाइयो । स्थानिय समुदायको आवश्यकताका आधारमा स्थानिय स्तरमा पाठ्यक्रम निर्माण गरी कार्यन्वयनमा ल्याउँदा विकेन्द्रिकरणको सिद्धान्तलाई अनुसरण गरेको पाइयो । प्राथमिक तहमा उराव भाषाको पाठ्यक्रम निर्माण गर्दा हिल्डा टावाको पाठ्यक्रम विकासको नमूनालाई अनुसरण गरेको पाइयो तर यो पाठ्यक्रम बनाउदा विद्यार्थी मूल्याङ्कन र समय निर्धारणलाई स्पष्टता प्रदान गर्ने कार्यमा कमि देखियो ।

### ४.१.२ पाठ्क्रम निर्माणमा सरोकारवालाहरुको सहभागिता

छनोटमा परेका विद्यालयहरुमा स्थानिय पाठ्यक्रमको निर्माणमा सरोकारवालाहरुको सहभागिता सम्बन्धमा अध्ययन गर्दा श्री प्रकाश सुनिल प्र.वि. र श्री कर्मा प्रा.वि.मा अंग्रेजी विषयको पाठ्याक्रम नै नहेरी पाठ्यपुस्तक प्रयोग गरिएको पाइयो । यो क्रम श्री शारदा प्रा.वि.को कक्षा ४ र ५ को स्थानिय  विषयको छनौटमा पनि पाइयो । स्थानिय विषयको छनोटमा अंग्रेजी विषय छान्न स्रोत केन्द्र भरि नै एकरुपता पाइयो तर श्री शारदा प्रा.वि. सिमरियामा कक्षा १-३ मा उराव भाषा र पूर्वेली थारु भाषाको पाठ्यक्रम निर्माण गर्दा बहु भाषिक शैक्षिक कार्यक्रम अन्तर्गत शिक्षक, अभिभावक, विद्यालय व्यावस्थापन समिति, जातिय संगठन, बुद्धिजिवी र शिक्षा विदहरुको संलगनता पाइयो । विद्यालयका प्र.अ. को भनाइमा स्रोत केन्द्र, शिक्षा कार्यालय र तालिम केन्द्रबाट सोचे अनुसारको सहयोग भएन । साथै पाठ्यक्रम निर्माणमा पाठ्यक्रमको केन्द्र विद्यार्थीहरुको चाहि संलग्नता पाइएन । यसो हुनुको कारण साना भएर भनेर विद्यालयका प्र.अ.ले बताए ।

पाठ्यक्रम निर्माणमा विद्यार्थी, समाज, शिक्षक, विद्यालय, शिक्षा विद्व, विषय विशेषज्ञ, सिकाइ सिद्धान्त, सिकाइ अनुभवहरु आदिबाट सूचना संकलन गरी आवश्यकताको पहिचान गर्नु पर्ने कुरा हिल्डा टावाले बताएकोमा उराव भाषाको पाठ्यक्रम निमार्णमा विद्यार्थी, सिकाइ सिद्धान्त आदिलाई समावेश नगरेकाले हिल्डा टावाको पाठ्यक्रम विकासको नमूनाको आंशिक अनुसरण गरेको पाइयो । पाठ्यक्रम निर्माण स्थानिय स्तरमा भएकोले विकेन्द्रिकरणको मर्म अनुसार कार्य भएको पाइयो ।

### ४.१.३ प्राथमिक तहमा उराव जातीका विद्यार्थीहरुको विवरण

छनोटमा परेका तीन विद्यालयहरुमा उराव जाती र अन्य जातीका विद्यार्थीहरुको विवरणको अध्ययन गर्दा प्राप्त नतिजा तल तालिका प्रस्तुत छ ।

तालिक १

विद्यार्थी विवरण


| क्र. सं. | विद्यालय | उराव विद्यार्थी | उराव विद्यार्थी प्रतिसत | अन्य विद्यार्थी | अन्य विद्यार्थी प्रतिसत | उरावको अवस्था |
|---|---|---|---|---|---|---|
| १. | शारदा प्रा.वि. | १४२ | ६३.११ | ८३ | ३६.८८ | ५०% भन्दा बढी |
| २. | प्रकाशसुनिल प्रा.वि. | ४१ | ५६.१६ | ३२ | ४३.८३ | ५०% भन्दा बढी |
| ३. | कर्मा प्रा.वि. | ७० | ५५.५५ | ५६ | ४४.४४ | ५०% भन्दा बढी |

(स्रोत : स्थलगत सर्वेक्षण २०७०)

छनोटमा परेका विद्यालयहरुमा उराव जाती र अन्यजातीका विद्यार्थीहरुको संख्यालाई प्रतिशतमा हेर्दा शारदा प्रा.वि., प्रकाश सुनिल प्रा.वि. र कर्मा प्रा.वि.मा क्रमशः ६३.११%, ५६.१६% र ५५.५५% अनि अन्य जातकि विद्यार्थीहरु क्रमशः ३६.८८% , ४३.८३% र ४४.४४% पाइयो । समग्र तीनै वटा विद्यालयमा उराव जातीका विद्यार्थी ५०% भन्दा बढी नै पाइयो । माथिको तालिकामा उल्लेखित विद्यार्थी प्रतिशतलाई बहुगुणी स्तम्भ चित्रमा प्रस्तुत गर्दा निम्नुसार पाइयो ।

चित्र १

विद्यार्थी प्रतिशतको बहुगुणी स्तम्भ चित्र



स्थानिय बहुसंख्यक मासिहरुको मनोभावना तथा आवश्यकतालाई समेटेर विकेन्द्रिकरणको सिद्धान्त अनुसार पाठ्यक्रम बनाउनु पर्ने कुरालाई वोध गरी शारदा प्रा.वि.मा उराव भाषा र पूर्वेली थारु भाषको पाठ्यक्रम बनाएको पाईयो तर अन्य दुई विद्यालयमा उराव जातीय विद्यार्थी ५०% भन्दा बढी हुँदा हुदै पनि उराव भाषाको पाठ्यक्रमलाई स्थानिय विषयमा राखेर प्रयोग गरेको पाइएन । स्थानिय जातिय वाहुल्य क्षेत्रमा सोहि जातिसँग मिल्ने भाषालाई स्थानिय पाठ्यक्रममा समावेश गर्दा समूदायसँग विद्यालयको सम्बन्ध प्रगाढ हुने हुनाले ती विद्यालयहरुले त्यस तर्फ ध्यान दिनु पर्ने देखियो ।

### ४.१.४ उराव भाषाको पाठ्यक्रम निर्माणको वर्तमान अवस्था

नमूना छनोट परेका विद्यालयहरुमा स्थानिय पाठ्यक्रमको रुपमा प्रयोगमा ल्याइएका विषयहरुको सम्बन्धमा अध्ययन गर्दा प्राप्त विषयहरुको विवरण निम्नानुसार पाइयो ।

तालिका २

प्राथमिक तहमा स्थानिय पाठ्यक्रम निर्माणको वर्तमान अवस्थाको विवरण

| क्र.सं. | भाषा | प्रयोग भएका कक्षाहरु | प्रयोग गर्ने विद्यालय |
|---|---|---|---|
| १ | उराव | १-३ | शारदा प्रा.वि. सिमरिया |
| २ | पूर्वेली थारु | १-३ | शारदा प्रा.वि.सिमरिया |
| ३ | अंग्रजी | १-५ | शारदा प्रा.वि. सिमरिया,प्रकाश सुनिल प्रा.वि.र कर्मा प्रा.वि. |

(स्रोत : स्थलगत सर्वेक्षण २०७०)

विद्यालयहरुमा स्थानिय पाठ्यक्रमको रुपमा स्थानिय भाषाको पाठ्यक्रमको निर्माणको अवस्थाको अध्ययन गर्दा शारदा प्रा.वि. सिमरियामा बहुभाषिक शैक्षिक कार्यक्रम अन्तर्गत कक्षा १-३ का लागि उराव भाषा र पूर्वेली थारु भाषाको पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०६५ देखि प्रयोगमा ल्याइएको पाइयो  तर शारदा प्रा.वि.का कक्षा ४-५तथा प्रकाश सुनिल प्रा.वि.र कर्मा प्रा.वि.का कक्षा १-५ मा अंग्रेजी विषलाई स्थानिय पाठ्यक्रमका रुपमा प्रयोग गरेको पाइयो । अंग्रेजी विषयको पाठ्यक्रम विद्यालय सम्म नपगेता पनि लेखकले कुनै समय लेखेका पुस्तकलाई नै पाठ्यक्रमको पूर्ण अंश मानेर शिक्षण गरिदै आएको पाइयो । अंग्रेजी विषयको छनोटमा स्रोत केन्द्रहरुमा एक रुपता रहेको पाइयो ।

स्थानिय पाठ्यक्रम बालबालिको मातृभाषा सँग सम्बन्धित भएमा बालबालिका तथा समाजको विद्यालय प्रतिको  धारणामा सकारात्मक प्रभाव पर्दछ र साँचो अर्थमा विकेन्द्रिकरणको धारणालाई आत्मसात गरेको ठहर्छ । यस कुरालाई शारदा प्रा.वि.सिमरियामा वहुसंख्यक उराव र थारुको प्रतिनिधित्व गर्ने गरी उराव र पूर्वेलि थारु भाषाको पाठ्यक्रम निर्माण र प्रयोगले आत्मसाथ गरेको पाइन्छ । तर उरावको उपस्थिती विद्यालयमा ५०% भन्दा बढी हुँदा हुँदै पनि अंग्रेजी विषयलाई  स्थानिय पाठ्यक्रमका रुपमा विद्यालयहरुले राखेकाले त्यस्ता विद्यालयहरुले स्थानिय चासोको विषयलाई समेटेर पाठ्यक्रममको विकास गरी प्रयोग गर्नु पर्ने देखियो

### ४.१.५ उराव भाषाको पाठ्यक्रममा समावेश गरिएका पाठ्यबस्तु

उराव भाषाको कक्षा १-३ को स्थानिय पाठ्यक्रम निर्माण गर्दा पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु (विधा) निम्नानुसार उल्लेख गरेको पाइयो ।

तालिका ३

पाठ्यपुस्तकमा समावेश गरिने विषयबस्तु (विधा) को विवरण

| क.सं. | विषयबस्तु (विधा) | विधाको पाठ संख्या | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १ | सरल वर्ण चिनारी | सबै | - | - |
| २ | संयुक्त वर्ण चिनारी | सबै | - | - |
| ३ | मात्रा लागेका सरलशब्दनिर्माण | सबै | - | - |
| ४ | बालगीत /बालकविता | ३/४ | ३/४ | ३/४ |
| ५ | बाल कथा | २/३ | ५/६ | ५/६ |
| ६ | बाल प्रवन्ध | २ | ४/५ | ४/५ |
| ७ | जीवनी | - | २/३ | २/३ |
| ८ | रुपक (संवाद, वादविवाद) | - | २ | २/३ |
| ९ | चिठी | - | - | १ |
| १० | अंक प्रणाली | १-१० | १-२० | १-१०० |
| | जम्मा | - | १७/२१ | १८/२३ |

(स्रोत : उराव भाषाको पाठ्यक्रम २०६५)

उराव भाषाको पाठ्यक्रम अनुसार पाठ्यपुस्तक निर्माण गर्दा कक्षा १ मा सरलवर्ण चिनारी, संयुक्त वर्ण चिनारी, मात्रा लागेका सरल शब्द निर्माण, बालगीत/बालकविता, बालकथा, अंक प्रणाली (१-१०) कक्षा २ मा बालगीत / बालकविता, बालकथा, बाल प्रबन्ध, जीवनी, रुपक, अंक प्रणाली (१-२०) लाई १७ देखि २१ वटा पाठमा र कक्षा ३ मा बालगीत/ बालकविता, बालकथा, बाल प्रबन्ध, जीवनी, रुपक, चिठ्ठी, अंक प्रणाली (१-१००) लाई १८ देखि २३ बटा सम्म पाठमा राख्ने प्रस्ताव छ । समग्रमा उराव भाषाको कक्षा १-३ को स्थानिय पाठ्यक्रमको विषय क्षेत्र अन्तर्गत उराव समुदायका घर परिवार, छर छिमेकी, स्थानिय लोक जीवनयापन, लोक परम्परा, लोक सम्पदा (संस्कृति, भषा, धर्म, चाडपर्व, भेषभुषा, तीर्थस्थल) पेशा, व्यवसाय, जैविक विविधता, वातावरण, पर्यटन आदि क्षेत्रका विषयवस्तुहरु समावेश गर्ने र विधा अन्तर्गत बालकविता, बालगीत, बालकथा, प्रबन्ध,संवाद, जीवनी, चिठ्ठी, उखानटुक्रा आदि राख्ने प्रस्ताव छ र पाठ्य सामाग्रीका रुपमा पाठ्यपुस्तक, सन्दर्भ सामाग्री र पत्रपत्रिकाको संलग्नता रहने प्रस्ताव छ ।

पाठ्यक्रममा विषयवस्तुको छनोट र संगठनले पाठ्यपुस्तकको निर्माणमा सहयोग गर्दछ र साँचो अर्थमा पाठ्यपुस्तकले पाठ्यक्रमको प्रतिनिधित्व गर्दछ । प्रस्तुत उरावभाषाको पाठ्यक्रम निर्माणमा यस कुरालाई ध्यान दिएको पाइन्छ । तर विषयबस्तुको लम्बिय र समतलिय संगठन सम्बन्धमा पाठ्यक्रममा अलिक अस्पष्टता पाइन्छ ।

### ४.१.६ उराव भाषाको पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धिहरु

उराव भाषाको कक्षा १-३ को स्थानिय पाठ्यक्रममा सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारवटा भाषिक सिप अन्तर्गत मुख्य रुपमा क्रमश : ५ वटा, ६ वटा, ४ वटा र ५वटा सिकाइ उपलब्धिहरु निर्धारण गरेको पाइयो । त्यस्तै कार्यमूलक व्याकरण अर्न्तगत बहुबचन, अकरण, काल तथा शब्दभण्डार अर्न्तगत ५००-१००० शब्दसम्मको प्रयोग र ३-६ शब्दका वाक्यमा बोल्न र लेख्न सक्ने क्षमता कक्षागत सिकाइ उपलब्धिका रुपमा उल्लेखित पाईयो ।

पाठ्यक्रम निर्माणमा सिकाइ अनुभवहरुको छनोट र संगठन अति महत्व पूर्ण हुन्छ । उराव भाषाको पाठ्यक्रम निर्माणमा सिकाइ उपलब्धिहरुको निर्धारण तथा क्रम निर्धारण गर्ने कार्यले सिकाइ अनुभवको छनोट र संगठनलाई व्यवस्थित गरेको छ । यसले पाठ्यक्रमको गुरुत्वलाई बढाएको छ ।

### ४.१.७ उराव भाषाको पाठ्यक्रममा समावेश गरिएका क्षेत्रहरुको लागी पाठ्यभार वितरण

उराव भाषाको कक्षा १-३ को पाठ्यक्रम अध्ययन गर्दा यसमा समावेश गरिएका विभिन्न क्षेत्र तथा त्यस अन्तर्गतको पाठ्यभार विवरण निम्नानुसार पाइयो ।

तालिका ४

भाषिक सिपगत आधारमा पाठ्यभार वितरण


| क्र.सं. | भाषिक सीप | कक्षा -१ | कक्षा - २ | कक्षा - ३ |
|---|---|---|---|---|
| १ | सुनाइ | २५% | २५% | २०% |
| २ | बोलाइ | २५% | २५% | २०% |
| ३ | पढाइ | २०% | २०% | २५% |
| ४ | लेखाइ | २०% | २०% | २५% |
| ५ | कार्यमुलक व्याकरण | १०% | १०% | १०% |

(स्रोत : उराव भाषाको पाठ्यक्रम २०६५)

उराव भाषाको कक्षा १, २ र ३ को पाठ्यक्रमको पाठ्यभार वितरणको अध्ययन गर्दा क्रमश : सुनाइ र बोलाइ प्रत्येकमा मा २५, २५ र २० प्रतिशत त्यस्तै पढाइ र लेखाइ प्रत्येकमा क्रमश : २०, २० र २५ प्रतिशत अनि कार्यमूलक व्याकरणमा १० प्रतिशत पाठ्यभार छुट्याको पाइयो । शब्द भण्डार र वाक्यमा शब्द संख्या सिकाइ उपलब्धिमा उल्लेख गरेता पनि पाठ्यभारमा अलग्गै नछुट्याइ भाषिक सिपका क्षेत्रहरुमा नै सामावेश गर्ने गरी राखेको पाइयो । पाठ्यभार वितरणको बहुगुणी स्तम्भ निम्नानुसार छ ।

चित्र २

पाठ्यभार वितरणको बहुगुणी स्तम्भ चित्र



पाठ्यक्रममा पाठ्यभारको समावेशले विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित सरल र चुस्त बनाउन मद्दत गर्दछ । उराव भाषाको पाठ्यक्रममा पाठ्यभारको व्यवस्थाले विद्यार्थी शिक्षण र मूल्याङ्कनलाई सजिलो र व्यवस्थित बनाउन मद्दत गरेको छ । तर उरावभाषाको पाठ्यक्रम निर्माणको क्रममा विशिष्टिकरण तालिका र पाठ्यभारको आधारमा समयावधि निर्धारण गरी नतोकेकाले पाठ्यक्रमलाई पूर्णता प्रदान गर्न सकेको छैन । त्यसर्थ पाठ्यक्रमको निर्माण सँग सगै विशिष्टिकरण तालिका र समयावधि निर्धारण गरी तोक्न सकेको भए यो उराव भाषाको स्थानिय पाठ्यक्रममा राम्रो हुन्थ्यो ।

### ४.१.८ स्थानिय पाठ्यक्रम अन्तर्गतका विषयवस्तुको शिक्षणमा प्रयोग गरिएको शिक्षण विधि

छनोटमा परेका स्थानिय विषय शिक्षण गर्ने शिक्षकहरुले प्रयोग गर्ने शिक्षण विधि सम्बन्धमा प्रश्नावलिको सहयोगले अध्ययन गर्दा प्राप्त नतिजा तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५

स्थानिय विषयको शिक्षणमा प्रयोग गरिएको शिक्षण विधि विवरण


| क्र.सं. | शिक्षण विधि | प्रयोग गर्ने शिक्षक संख्या | प्रयोग गर्ने शिक्षक % र ओगटेको कोण |
|---|---|---|---|
| १. | परियोजना कार्य | ३ | १००% (५१.४२$^{o}$) |
| २. | स्थलगत भ्रमण | १ | ३३.३३% (१७.१४$^{o}$) |
| ३. | स्थानिय वुद्धिजिवीसँग छलफल | १ | ३३.३३% (१७.१४$^{o}$) |
| ४. | साँस्कृतिक कार्यक्रमको अवलोकन | १ | ३३.३३% (१७.१४$^{o}$) |
| ५. | कक्षामा छलफल | ३ | १००% (५१.४२$^{o}$) |
| ६. | प्रदर्शन | ३ | १००% (५१.४२$^{o}$) |
| ७. | प्रश्नोत्तर | ३ | १००% (५१.४२$^{o}$) |
| ८. | व्याख्यान | ३ | १००% (५१.४२$^{o}$) |
| ९. | अभिनय | ३ | १००% (५१.४२$^{o}$) |

(स्रोत : स्थलगत सर्वेक्षण २०७०)

शिक्षण सिकाई परियोजना कार्य, कक्षा छलफल, प्रदर्शन, प्रश्नोत्तर, व्याख्यान र अभिनय विधि तीनै जना शिक्षकहरुले प्रयोग गरको पाइयो तर स्थलगत भ्रमण, स्थानिय वुद्धिजिवी सँग छलफल र साँस्कृतिक कार्यक्रमको अवलोकन उराव भाषा शिक्षण गर्ने शिक्षकले मात्र प्रयोग गरेको पाइयो । तालिकामा उल्लेखित २१ जना शिक्षक संख्यालाई आधार मानेर शिक्षकबाट प्राप्त उत्तरलाई एउटै वृत चित्रमा देखाउँदा निम्नानुसार पाइयो ।

चित्र ३

शिक्षण विधि प्रयोग गर्ने शिक्षक विवरणको वृत चित्र




पाठ्यक्रम अनुसार विषय वस्तुको शिक्षणमा यहि नै विधि प्रयोग गर्नु पर्दछ भन्ने त छैन तर प्राथमिक तहका साना नानीहरुका लागि विद्यार्थी केन्द्रित विधिहरुको प्रयोग गर्नु पर्ने हुन्छ । जसको प्रयोग अंग्रेजी विषय शिक्षण कम देखियो तर तुलनात्मक रुपमा उराव भाषाको पाठ्यक्रमको शिक्षणमा बालकेन्द्रित विधिको प्रयोग बढी नै पाइयो । जुन राम्रो पक्ष हो ।

### ४.१.९ स्थानिय पाठ्यक्रम अन्तर्गतका विषयवस्तुको आधारमा विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइका क्रममा र शैक्षिक सत्रको अन्त्यमा पाठ्यक्रमले राखेका उद्देश्यहरु के कति मात्रामा हासिल भए भनेर हेर्नका लागी के कस्ता मूल्याङ्कनका साधनहरुको प्रयोग गर्नु हुन्छ भनि विषय शिक्षकहरु सँग प्रश्नावलिको सहयोगले राखिएको जिज्ञासामा प्राप्त उत्तरको विवरण यस प्रकार छ :-

तालिका ६

स्थानिय विषयमा विद्यार्थी मूल्याङ्कनका लागी प्रयोग गरिएका साधनहरु विवरण


| क.सं. | विवरण | प्रयोग गर्ने शिक्षक | शिक्षक प्रतिशत र वृत चित्रमा ओगटेको कोण |
|---|---|---|---|
| १. | लिखित परीक्षा | ३ | १००% (१२०°) |
| २. | मौखिक परीक्षा | २ | ६६.६६% (८०°) |
| ३. | स्थानिय साँस्कृतिक कार्यक्रम अवलोकन सार कथन | १ | ३३.३३% (४०°) |
| ४. | परियोजना कार्य | ३ | १००% (१२०°) |

(स्रोत : स्थलगत सर्वेक्षण २०७०)

शिक्षकहरुले दिएको जवाफका आधारमा लिखित परीक्षा र परियोजना कार्य सबै विद्यालयका शिक्षकहरुले प्रयोग गरेको पाइयो । तर स्थानिय साँस्कृतिक कार्यक्रमको अवलोकन सार कथन उराव भाषाको शिक्षणमा मात्र पाइयो । माथिको तालिकामा ९जना शिक्षक संख्यालाई आधार मानेर वृत चित्रमा प्रस्तुत गर्दा निम्नानुसार पाइयो ।

चित्र ४

मूल्याङ्कनका साधनहरुको प्रयोग गर्ने शिक्षक विवरणको वृत चित्र




बालबालिकाहरुको मूल्याङ्कनले समग्र पाठ्यक्रमको मूल्याङ्कनमा सहयोग पुऱ्याउँदछ । बालबालिकाको मूल्याङ्कनमा लिखित परीक्षामा मा‍ात्र जोड दिनु राम्रो होइन । उराव भाषाको

पाठ्यक्रमको आधारमा विषयवस्तुको शिक्षण पछि मूल्याङ्कन गर्न लिखित परीक्षा बाहेक अन्य साधनको पनि प्रयोग गरेको पाइयो । जुन राम्रो पक्ष हो ।

## ४.२ प्राथमिक तहमा स्थानिय पाठ्यक्रमको रुपमा उराव भाषाको पाठ्यक्रम कार्यान्वयनको अवस्था

प्राथमिक तहमा स्थानिय पाठ्यक्रम अन्तर्गत कक्षा १-३ मा उराव भाषाको पाठ्यक्रम निर्माण भई कार्यन्वयनमा आएको पाइयो । यो पाठ्यक्रम नेपालमा सुनसरी जिल्लाको श्री शारदा प्रा.वि. सिमरियामा प्रयोग गरेको पाइयो । यसको कार्यान्वयन सम्बन्धमा अध्ययन गर्दा निम्नानुसार पाइयो ।

### ४.२.१ उराव भाषाको पाठ्यक्रपुस्तक निर्माणको अवस्था

नेपाल भरिमा उराव भाषाको पाठ्यक्रम कार्यान्वयनमा ल्याउने विद्यालय श्री शारदा प्रा.वि. सिमरियामा रहेको पाइयो । उक्त विद्यालयमा कक्षा १ र २ को पाठ्यपुस्तकको पाण्डुलिपि पाठ्यक्रम अनुसार तयार गरी नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरी विद्यालयमा वितरणका लागि उपलब्ध गराएको तर कक्षा ३ को पाठ्यपुस्तक प्रकाशन भइ नसकेकोले स्थानिय स्तरमा पाठ्यक्रमको मर्म अनुसार पाठ्यपुस्तक तयार गरेर विषय शिक्षकले शिक्षण गर्दै आउनु भएको छ । साथै कक्षा १ मा विज्ञान र समाजिक विषयका पाठ्यपुस्तकलाई उराव भाषामा रुपान्तरण गरी प्रयोग गर्दै गरेको पाइयो ।

असल पाठ्यक्रम निर्माण गरेर मात्र हुदैन । त्यसको सफल कार्यान्वयनका लागि विषयवस्तु समावेश गरेर पाठ्यपुस्तकको निर्माण गरी प्रयोग पनि गर्नु पर्दछ । उराव भाषाको पाठ्यक्रमको कार्यान्वयनमा पाठ्यपुस्तक निर्माण गरी सहज रुपमा उपलब्ध गराइ शिक्षण गराएको पाइयो ।

### ४.२.२ प्राथमिक तहमा स्थानिय पाठ्यक्रमको रुपमा उराव ( झाँगड ) भाषाको पाठ्यक्रम कार्यान्वयनको लागि तयार गरिएको कक्षागत पाठ विवरण

श्री शारदा प्रा.वि. सिमरियामा उराव भाषाको कक्षा १-३ को पाठ्यक्रम कार्यान्वयनका लागी पाठ्यपुस्तकको विकास गर्दा कक्षा एकमा २६ वटा, कक्षा दुईमा १८ वटा र कक्षा तीनमा १८ वटा पाठहरु राखेर पाठ्यपुस्तकको निर्माण गरेको पाइयो । पाठ संख्या पाठ्यक्रममा उल्लेखित संख्या भन्दा केहि कम वा बढी भए पनि पाठ्यक्रममा

उल्लेखित सिकाइ अनुभवलाई ढाक्नेगरी तयार गरिएको पाइयो । यहा पाठ्यक्रममै पाठ्यवस्तु तथा पाठ विवरण संख्या तोकेकाले पाठ्यक्रम वस्तुनिष्ट बनाएको देखियो तर कार्यान्वयनमा पाठ संख्यामा केहि हेरफेर भएको पाठ्यक्रमकाले पूर्ण कार्यन्वयन गर्नु पर्ने देखिन्छ ।

### ४.२.३ विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था

छनोटमा परेका तीनै वटा विद्यालयहरुका कक्षा १-५ का विद्यार्थीहरुको कक्षागत तथा विषयगत सिकाइ उपलब्धिहरुको अध्ययन गर्दा निम्नानुसार पाइयो ।

तालिका ७

शारदा प्रा.वि.को कक्षागत तथा विषयगत सिकाइ उपलब्धि विवरण -२०६९

| विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | औषत |
|---|---|---|---|---|---|---|
| १. नेपाली | ४७.६३ | ४१.१३ | ४६.५० | ४१.७० | ४४.९७ | ४४.२७ |
| २. गणित | ४१.८१ | ४८.७५ | ४३.१३ | ४३.६४ | ५१.५ | ४५.३० |
| ३.समाजिक अध्ययन तथा सि.क. | ४८.२४ | ४७.७५ | ४३.०४ | ४६.३२ | ४१.५८ | ४५.३० |
| ४. विज्ञान, स्वास्थ्य र शारिरीक शिक्षा | ४७.१२ | ४७.३२ | ४१.४६ | ४२.६१ | ४३.१७ | ४४.३३ |
| ५. अंग्रेजी | ५३.२५ | ४६.३८ | ४५.४३ | ४२.५२ | ४१.३५ | ४५.७८ |
| ६. स्थानिय विषय | उराव ५५.८७ | उराव ५५.६४ | उराव ४८.३१ | अंग्रेजी ४७.०५ | अंग्रजी ४६.४१ | ५०.६५ |
| ७. सामाजिक अध्ययन | | | | | | |
| ८. सि.क. | | | | | | |
| ९. विज्ञानतथा वातावरण | | | | | | |
| १०. स्वास्थ्य र शारिरीक शिक्षा | | | | | | |

(स्रोत : विद्यालयको अभिलेख)

श्री शारदा प्रा.वि. सिमरियाका कक्षा १- ३ का विद्यार्थीहरुको सिकाइ उपलब्धि सबभन्दा बढी उराव भाषामा  पाइयो । त्यस्तै कक्षा ४ मा अंग्रजी विषयको र कक्षा ५ मा गणित विषयको सिकाइ उपलब्धि बढी पाइयो । कक्षा ४-५ को सामाजिक अध्ययन,

सिर्जनात्मक कला, विज्ञान तथा वातावरण, स्वस्थ्या र शारिरीक शिक्षालाई पाठ्यभार अनुसार मिलाएको पाइएन ।

विद्यार्थीहरुको आफ्नो मातृभाषामा शिक्षा लिन पाउँदा सिकाइ उपलब्धि बढी प्राप्त हुन्छ भन्ने कुरा माथिको तथ्याङ्कले प्रष्ट देखाएको छ । कक्षा १-३ मा उराव भाषाको सिकाइ उपलब्धि बढी  देखिएकाले अन्य कक्षामा पनि उराव भाषाको पाठ्यक्रम निर्माण तर्फ अग्रसर हुन पर्ने देखाउछ ।

तालिका ८

प्रकाश सुनिल प्रा.वि.को कक्षागत र विषयगत सिकाइ उपलब्धि विवरण -२०६९

| विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | औषत |
|---|---|---|---|---|---|---|
| १. नेपाली | ४४.२३ | ४१.०३ | ४२.०५ | ३९.९६ | ४२.३२ | ४१.९२ |
| २. गणित | ४१.०९ | ४०.०८ | ३८.५८ | ३७.९६ | ३७.०३ | ३८.९५ |
| ३. सामाजिक अध्ययन तथा सि.क. | ५४.१६ | ५४.०१ | ५०.०१ | ४९.१४ | ४७.५४ | ५०.९७ |
| ४.विज्ञान, स्वास्थ्य र शारिरीक शिक्षा | ४४.४१ | ४३.४५ | ४२.३८ | ४२.३१ | ४१.३३ | ४२.७७ |
| ५. अंग्रेजी | ४१.०५ | ४२.२७ | ४२.९१ | ४०.५९ | ३९.७६ | ४१.३१ |
| ६. स्थानिय विषय (अग्रेजी) | ४२.६१ | ४२.२४ | ४२.३५ | ४०.९७ | ४०.०३ | ४१.४४ |
| ७. सामाजिक अध्ययन | | | | | | |
| ८. सि. क. | | | | | | |
| ९. विज्ञान तथा वातावरण | | | | | | |
| १०. स्वास्थ्य र शारिरीक शिक्षा | | | | | | |

(स्रोत : विद्यालयको अभिलेख)

श्री प्रकाश सुनिल प्रा.वि. प्रकाशपुर का कक्षा १-५ का विद्यार्थीहरुको सिकाइ उपलब्धिको अध्ययन गर्दा औसतमा सामाजिक विषयको सिकाइ उपलब्धि बढी पाइयो त्यस्तै गणित विषयको सिकाइ उपलब्धि सबै भन्दा कम पाइयो । विद्यालयमा पाठ्यक्रम अनुसार अङ्कभार मिलाएर राखेको पाइएन विशेषत कक्षा ४ र ५ यस्तो पाइयो ।

विद्यार्थीको आफ्नो परिवेशसँग सम्बन्धित विषय सामाजिक अध्ययन तथा सिर्जणात्मक कलामा सिकाइ उपलब्धि बढी देखिएकाले स्थानिय परिवेश अनुसारको विषयलाई स्थानिय पाठ्यक्रम अन्तर्गत समावेश गर्न तर्फ विद्यालय अग्रसर हुनु पर्ने देखाउछ ।

तालिका ९

कर्मा प्रा.वि. को कक्षागत र विषयगत सिकाइ उपलब्धि विवरण - २०६९

| विषय | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | औषत |
|---|---|---|---|---|---|---|
| १. नेपाली | ४५.९७ | ४६.४५ | ४४.५३ | ४३.७४ | ४४.०१ | ४४.९४ |
| २. गणित | ४४.३१ | ४०.२८ | ४१.७६ | ४३.२४ | ३९.०४ | ४१.७२ |
| ३. सामाजिक अध्ययन तथा सि.क. | ५३.०४ | ५४.१५ | ५२.०१ | ४७.४५ | ४७.९७ | ५०.९२ |
| ४.विज्ञान स्वास्थ्य र शारिरीक शिक्षा | ४५.५४ | ४६.११ | ४२.२४ | ४०.१५ | ४२.७१ | ४३.३५ |
| ५. अंग्रेजी | ४०.२१ | ३९.५४ | ३५.४३ | ३८.७९ | ३७.२४ | ३८.२४ |
| ६.स्थानिय विषय (अग्रेजी) | ४१.६३ | ४०.५४ | ३९.३६ | ४०.५४ | ३७.९९ | ४०.०१ |
| ७. सामाजिक अध्ययन | | | | | | |
| ८. सि. क. | | | | | | |
| ९. विज्ञान तथा वातावरण | | | | | | |
| १०. स्वास्थ्य र शारिरीक शिक्षा | | | | | | |

(स्रोत : विद्यालयको अभिलेख)

श्री कर्मा प्राथमिक विद्यालय भोक्राहाका कक्षा १-५ का विद्यार्थीहरुको सिकाइ उपलब्धिको अध्ययन गर्दा औसतमा सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयको सिकाइ उपलब्धि बढी पाइयो । त्यस्तै सबै भन्दा कम सिकाइ उपलब्धि औसतमा अंग्रजी विषयको पाइयो । विद्यालयमा पाठ्यक्रम अनुसार अङ्कभार मिलाएर कक्षा ४ र ५ को राखेको पाइएन ।

विद्यार्थीहरुको आफ्नो परिवेशसँग सम्बन्धित विषय समाजिक अध्ययन र सिर्जनात्मक कलामा सिकाइ उपलब्धि बढी देखिएकाले स्थानिय वातावरण तथा आवश्यकता अनुसारको

विषयमा विद्यार्थीको सिकाइ उपलब्धि बढी हुने र विद्यालयहरु पनि त्यता तर्फ अग्रसर हुनपर्ने देखिन्छ ।

समग्रमा आफ्नो वरिपरीको वातावरण र परिवेश सँग सम्बन्धित विषयमा विद्यार्थीको सिकाइ उपलब्धि बढी हुनाले स्थानिय पाठ्यक्रमको छनोट गर्दा यसमा ध्यान दिनु पर्ने देखिन्छ । अझ उराव बाहुल्य क्षेत्रका प्राथमिक विद्यालयहरुले उराव भाषाको पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउने हो भने भइरहेको भन्दा सिकाइ उपलब्धि बढ्नेछ भन्ने अध्ययनमा देखियो ।

### ४.२.४ स्थानिय पाठ्यक्रम अन्तर्गतका विषयवस्तुको शिक्षणका लागि शिक्षक व्यवस्था

स्थानिय विषय शिक्षणका लागी शिक्षक व्यवस्था सम्बन्धमा प्र.अ. सँग अन्तवार्ता गर्दा श्री शारदा प्रा.वि. सिमरियामा कक्षा १-३ को उराव भाषाको पाठ्यक्रम र कक्षा १-३ कै पूर्वोली थारु भाषाको पाठ्यक्रम अन्तर्गतका विषयबस्तु शिक्षणका लागी स्थानिय जातिय समुदायबाट भाषिक ज्ञान भएका व्यक्तिलाई शिक्षकमा नियुक्त गरेको पाइयो । तर शारदा प्रा.वि. सिमरिया, प्रकाश सुनिल प्र.वि.प्रकशपुर र कर्मा प्रा.वि. भोक्राहामा अंग्रेजी विषकालागी छुट्टै शिक्षकको व्यवस्था नगरी विद्यालयमा उपलब्ध शिक्षकलाई नै उपयोग गरेको पाइयो ।

स्थानिय विषयको शिक्षणका लागी स्थानिय भाषाको जानकार व्यक्तिलाई शिक्षकमा नियुक्त गर्दा शिक्षण प्रभावकारी बनाउन सहज हुन्छ भन्ने मान्यतालाई उराव भाषाको छुट्टै शिक्षकको व्यवस्थाले आत्मसाथ गरेको पाइयो ।

### ४.२.५ स्थानिय विषय शिक्षण गर्ने शिक्षकका लागी तालिमको व्यवस्था

स्थानिय पाठ्यक्रम अन्तर्गत उराव तथा पूर्वेली थारु भाषाको पाठ्यक्रम शिक्षण गर्ने शिक्षकका लागी सामाग्री विकास, पाठ्यक्रम विकास र बहु भाषिक TPD पहिलो मोड्युल सञ्चालन गरेको पाइयो । अर्को तर्फ अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकका लागी सामान्य दरवन्दिमा रहेका शिक्षकले पाएको सेवाकालिन तालिम र TPD कै व्यवस्था गरेको पाइयो । शिक्षक विषयवस्तुको मात्र जानकार भएर पुग्दैन । ऊसमा शिक्षण सिपको पनि जानकारी हुनुपर्दछ भन्ने कुरालाई शिक्षक तालिमको व्यवस्थाले पुष्टि गरेको छ । तर स्थानिय पाठ्यक्रम अन्तर्गत उराव भाषाको पाठ्यक्रम शिक्षण गर्ने शिक्षकलाई व्यवस्था गरेको तालिम अपूरो र अपुग नै देखियो ।

### ४.२.६ स्थानिय पाठ्यक्रम अन्तर्गतका विषयको शिक्षणमा प्रयोग गरिने शैक्षिक सामाग्री

प्रश्नावलिको सहयोगले शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामाग्री सम्बन्धमा अध्ययन गर्दा प्राप्त नतिजा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १०

स्थानिय पाठ्यक्रम अन्तर्गतका विषयवस्तुको शिक्षणमा प्रयोग गरिने शैक्षिक सामाग्री विवरण


| क.सं. | शैक्षिक सामाग्री | प्रयोग गर्ने शिक्षक | प्रतिसत र ओगटेको कोण |
|---|---|---|---|
| १. | ठोस वस्तुहरु | ३ | १००% (८३.०७°) |
| २. | नमूनाहरु | ३ | १००% (८३.०७°) |
| ३. | चित्र/तस्विरहरु | ३ | १००% (८३.०७°) |
| ४. | स्थानिय सामाग्रीहरु | ३ | १००% (८३.०७°) |
| ५. | स्थानिय साँस्कृतिक कार्यक्रम | १ | ३३.३३% |

( स्रोत : स्थलगत सर्वेक्षण २०७०)

छनोटमा परेका तीनैवटा विद्यालयका शिक्षकहरुले ठोस बस्तुहरु , नमूनाहरु , चित्र/ तस्विरहरु र स्थानिय सामाग्रीहरु प्रयोग गर्ने गरेको बताउनु भयो तर स्थानिय सास्कृतिक कार्यक्रमको अवलोकन तथा स्थनिय समुदायमा भ्रमण उराव भाषा शिक्षण गर्ने शिक्षकले मात्र प्रयोग गरेको पाइयो । माथी उल्लेखित जम्मा १३ शिक्षक संख्यालाई आधार मानेर वृत चित्रमा प्रस्तुत गर्दा निम्ननुसार पाइयो ।

चित्र ५

शैक्षिक सामाग्रीको प्रयोग गर्ने शिक्षक विवरणको वृत चित्र



स-सना नानीहरुलाई ठोस साम्राग्री तथा स्थानिय समुदाय सँग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तु सँग सम्बन्धित रहेर सामाग्रीहरुको प्रयोग गरि शिक्षण गर्दा सिकाइ उपलब्धि वढी प्राप्त गर्न सहज हुन्छ । उराव भाषाको पाठ्यक्रमको कार्यान्वयनमा यसलाई ध्यान दिएको पाइयो ।

### ४.२.७ कक्षा छाड्ने विद्यार्थी विवरण

अनुसुची ८ का आधारमा छनोटमा परेका विद्यालयहरुमा कक्षा छाड्ने विद्यार्थी सम्बन्धमा अध्ययन गर्दा निम्नानुसारका विद्यार्थीहरुले शैक्षिक सत्र २०६९ मा प्राथमिक तह पूरा नगरी कक्षा छाडेको पाइयो ।

तालिका ११

कक्षा छाड्ने विद्यार्थी विवरण - २०६९


| क्र. सं. | विद्यालयको नाम | कक्षा छाड्ने विद्यार्थी संख्या | प्रतिसत | ओगटेको कोण (डिग्री) |
|---|---|---|---|---|
| १. | श्रीशारदा प्रा.वि. | ९ | २७.२६ | ९८.१८° |
| २. | श्री प्रकाश सुनिल प्रा.वि. | ११ | ३३.३३ | १२०° |
| ३. | श्री कर्मा प्रा.वि. | १३ | ३९.३९ | १४१.८१ |
| | जम्मा | ३३ | ९९.९९% | ३५९.९९ |

(स्रोत : विद्यालयको अभिलेख )

विद्यालयको समग्र विद्यार्थी संख्या र कक्षा छाड्ने विद्यार्थी संख्याको अध्ययन गर्दा उराव भाषाको पाठ्यक्रम लागु भएको विद्यालय शारदा प्रा.वि. मा २७.२७ प्रतिसत अर्थात ९ जना , प्रकाश सुनिल प्रा.वि. मा ३३.३३ प्रतिसत अर्थात ११ जना र कर्मा प्रा.वि. मा ३९.३९ प्रतिसत अर्थात १३ जना विद्यार्थीहरुले शैक्षिक सत्र २०६९मा कक्षा छाडेको पाइयो । माथि उल्लेखित ३३ जना विद्यार्थी संख्यालाई आधार मानेर बनाएको वृत चित्र यस प्रकार छ ।

चित्र ६

कक्षा छाड्ने विद्यार्थी विवरणको वृत चित्र




पाठ्याक्रम विद्यार्थीको चाख र समुदाय सँग सम्बन्धित रहि मातृभाषामा रहेमा कक्षाकोठामा विद्यार्थीलाई सहज लाग्दछ । उनीहरु कक्षा कम छाड्दछन भन्ने तथ्य माथिको तथ्याङ्कले पनि देखाउँदछ ।

### ४.२.८ पाठ्यक्रम परिमार्जन तथा संशोधन

पाठ्यक्रमको विकास, परिमार्जन तथा संशोधन गर्ने कार्य निरन्तर चलिरहने प्रक्रिया हो । उराव भाषाको पाठ्यक्रम श्री शारदा प्रा.वि. सिमरियामा कक्षा १-३ को निर्माण भइ शैक्षिक सत्र २०६५ देखि लागु रहेकोमा चालु शैक्षिक सत्रमा त्यसको परिमार्जन तथा संशोधनका लागि शिक्षक , जातिय समुदाय तथा विद्धान वर्गको भेला बोलाइ छलफल कार्य सम्पन्न गरि सकिएको र छलफलमा आएका सुझाव अनुसार चालु पाठ्यक्रममा परिमार्जन तथा संशोधन गर्नु पर्ने कुरालाई समावेश गरेर नयाँ पाठ्यक्रमको पाण्डुलिपि तयार गर्ने कार्य भइरहेको छ । पाठ्यक्रम एक पटक तयार गरेपछि सधै भरिलाई नै हुँदैन । आवधिक रुपमा यसको परिमार्जन तथा संशोधन गर्ने कार्य भइरहन्छ । उराव भाषाको स्थानिय पाठ्यक्रमको पनि परिमार्जन तथा संशोधनको कार्य सुरुहुनुले पाठ्यक्रमलाई समय सापेक्ष बनाउन प्रयास गरेको पाइन्छ ।

## ४.३ प्राथमिक तहमा स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्दा आइपरेका समस्या समाधानका उपायहरु

कुनै पनि कार्य समस्या रहित हुदैन । त्यसमाथि पाठ्यक्रम निर्माण र कार्यन्वयन जस्तो कार्य समस्याबाट मुक्त रहने कुरा संभव नै छैन । यस अर्थमा यो अध्ययनमा सहभागी प्र.अ., वि.व्या.स. अध्यक्ष, स्रोत व्यक्ति, जिल्ला शिक्षा कार्यालयका अधिकृत, शैक्षिक तालिम केन्द्रका अधिकृत र विषय शिक्षकद्वारा प्रस्तुत समस्या तथा नीतिहरुको समाधानको उपाय सम्बन्धमा चर्चा गरिएको छ ।

### ४.३.१ स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धमा देखा परेका समस्याहरु तथा सामाधानका उपाय सम्बन्धमा प्रधानाध्यापकको धारणा

स्थानिय पाठ्यक्रमको निर्माण र कार्यान्वयन सम्बन्धमा के कस्ता समस्याहरुको सामना गर्नु परिरहेको छ भन्ने सम्बन्धमा प्र.अ. हरु सँग जिज्ञासा राख्दा प्राप्त उत्तरहरुलाई विश्लेषण गर्न निर्माण गरिएको तालिका यस प्रकार छ

तालिका १२

स्थानिय पाठ्यकम निर्माण र कार्यान्वयनमा देखा परेका समस्या सम्बन्धमा प्र.अ.को धारणा

| क. स. | समस्या | प्र.अ. संख्या | प्रतिसत |
|---|---|---|---|
| १. | स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा बजेट अभाव | ३ | १००% |
| २. | स्थानिय सरोकारवालमा स्थानिय पाठ्यक्रम सम्बन्धि जानकारी नहुनु | ३ | १००% |
| ३. | स्थानिय स्तरमा पाठ्यक्रम निर्माण गर्न सक्ने जनशक्ति नहुनु | २ | ६६.६६% |
| ४. | विद्यार्थीहरुको रुची र चाहनामा भिन्नता | २ | ६६.६६% |
| ५. | स्थानिय पाठ्क्रम अनुगमन र निरीक्षणको व्यवस्था नहुनु | १ | ३३.३३% |
| ६. | उराव भाषाको लिपि र शब्दकोषको अभाव | २ | ६६.६६% |
| ७. | कक्षा व्यवस्थापनमा कठिनाइ | २ | ६६.६६% |
| ८. | स्थानिय विषय शिक्षण गर्ने शिक्षकका लागि तालिम प्रशस्तै नहुनु | १ | ३३.३३% |
| ९. | अभिभावकहरुको अंग्रेजी भाषा प्रतिको मोह | ३ | १००% |

(स्रोत : स्थलगत सर्वेक्षण २०७० )

स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा देखा परेका समस्या सम्बन्धमा अध्ययन गर्दा स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा बजेटको अभाव, स्थानिय

सरोकारवालाहरुमा स्थानिय पाठ्क्रम सम्बन्धि जानकारी नहुनु , अभिभावकहरुको अंग्रेजी भाषा प्रतिको मोहमा १००% प्र.अ. ले औल्याउनु भयो । त्यस्तै स्थानिय स्तरमा पाठ्यक्रम निर्माण गर्न सक्ने जनशक्ति नहुनु, विद्यार्थीको रुचि र चाहनामा भिन्नता, उराव भाषाको लिपि र शब्दकोषको अभाव र कक्षा व्यवस्थापनम कठिनाइमा ६६.६६% प्र.अ. ले राय व्यक्त गर्नु भयो । स्थानिय पाठ्यक्रम अनुगमन र निरिक्षणको व्यवस्था नहुनु र स्थानिय विषय शिक्षण गर्ने शिक्षकका लागि प्रशस्तै तालिमको व्यवस्था नहुनुलाई ३३.३३% शिक्षकले देखाउनु भयो ।

स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा जतिसुकै समस्यहरु देखिएता पनि समाधान नै गर्न नसकिने चाहि होइन । यसै सम्बन्धमा प्र.अ. बाट व्यक्त समाधानका उपायहरु निम्न छन् -

तालिका १३

स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनका समस्याको समाधानका उपाय सम्बन्धमा प्र.अ.को धारणा

| क.स. | समस्या समाधानको उपाय | प्र.अ.संख्या | प्रतिसत |
|---|---|---|---|
| १. | स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागी बजेट व्यवस्थापन गरेर | ३ | १००% |
| २. | स्थानिय सरोकारवालाहरुलाई सचेतिकरण गरेर | ३ | १००% |
| ३. | पाठ्यक्रम निर्माणका लागि दक्ष जनशक्तिको व्यवस्था गरेर | २ | ६६.६६% |
| ४. | उराव भाषाको लिपिको खोजी गरेर | १ | ३३.३३% |
| ५. | उराव भाषाको शब्दकोष निर्माण गरेर | २ | ६६.६६% |
| ६. | विज्ञहरुको सहयोग लिएर | ३ | १००% |

(स्रोत : स्थलगत सर्वेक्षण २०७० )

स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा देखिएका समस्या समाधानका उपाय सम्बन्धमा सहभागी प्र.अ.हरु मध्ये १००% ले स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि वजेट व्यवस्थापन गरेर , स्थानिय सरोकारवालाहरलाई सचेतीकरण गरेर , विज्ञहरुको सहयोग लिएर त्यस्तै ६६.६६%ले पाठ्यक्रम निर्माणका लागी दक्ष जनशक्तिको व्यवस्था गरेर र उराव भाषाको शब्दकोष निर्माण गरेर अनि ३३.३३% ले उराव भाषाको लिपिको खोजी गरेर समस्या समाधान गर्न सकिने कुरा बताउनु भयो ।

### ४.३.२ स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धमा देखा परेका समस्या तथा समाधानको उपाय सम्बन्धमा वि.व्या.स. अध्यक्षको धारणा

स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्ध रहेका समस्याहरुको सम्बन्धमा विद्यालय व्यवस्थापन सिमितिका अध्यक्षहरुको धारणा बुझ्दा श्री प्रकाश सुनिल प्रा.वि. र कर्मा प्रा.वि.मा हाल व्यवस्थापन समिति गठन नै नभएको तथा श्री शारदा प्रा.वि.मा व्यवस्थापन समिति गठन भए तापनि अध्यक्षको मृत्यु भएकाले सदस्यहरु मध्येबाट एक जनालाई कार्य सञ्चालन अध्यक्ष तोकि कार्य सम्पादन गर्दै गरेको पाइयो । उहाँको विचारमा उराव भाषाका भाषिक विज्ञ पाउन नसकिएको , बजेट अभाव , शिक्षा कार्यालयबाट अपेक्षाकृत सहयोग प्राप्त नहुनु , पाठ्यपुस्तक निर्माणमा समस्या, मुद्रणमा समस्या, स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनका प्रमुख समस्या रहेका छन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्षको विचारमा माथी प्रस्तुत समस्या समाधानका लागी दक्ष जनशक्तिको व्यवस्था गर्नु पर्ने , स्थानिय पाठ्यक्रम निर्माण भई कार्यान्वयनमा रहेका विद्यालयहरुमा शिक्षा कार्यालयबाट प्रविधिक तथा अर्थिक सहयोग हुनु पर्ने , पाठ्यपुस्तकको विकास तथा मुद्रणमा प्राविधिक तथा आर्थिक सहयोग गर्नु पर्ने देखियो । उहाँको विचारमा स्थानिय पाठ्यक्रमको कार्यान्वयनको अनुगमन तथा सुपरिवेक्षण पनि माथिल्लो निकायबाट गरिनु पर्दछ ।

### ४.३.३. स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धमा देखा परेका समस्या तथा समाधानको उपाय सम्बन्धमा स्रोत व्यक्तिको धारणा

अध्ययनको लागी छनोट गरिएका २ जना स्रोत व्यक्तिहरुले विद्यालयहरुमा स्थानिय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन नसक्नुका कारणहरुमा साधन र स्रोतको कमि रहनु,विद्यालयहरुको विविधता,दक्ष जनशक्तिको अभाव,विश्वसनियताको कमि ,सरकारबाट नै ठोस निति नियम कडाइका साथ लागु नहुनु, अभिभावकमा अंग्रेजी विषय प्रति मोह बढी रहनु,पाठ्यक्रम निर्माणका लागी अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्न नसक्नु लाई प्रमुख रुपमा वताउनु भयो ।

स्रोत व्यक्तिहरुको विचारमा समस्या समाधानका लागी विद्यालयहरुमा स्थानिय पाठ्यक्रम निर्माण र कार्यन्वयनका लागी बजेटको व्यवस्था गरी अभिमुखिकरणकार्यक्रमहरु सञ्चालन गरी विद्यार्थीको जातीय एकरुपता रहेका विद्यालयहरुमा शिक्षा कार्यालय र स्रोत केन्द्रले संयोजनकारी भूमिका खेलि दक्ष जनशक्तिको विकाश तथा व्यवस्था गर्दै समुदायमा विश्वासको वातावरण सिर्जना गरी पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रक्रिया वढाउनु पर्दछ ।

### ४.३.४ स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धमा देखा परेका समस्या तथा समाधानको उपाय  सम्वन्धमा शिक्षा कार्यालयका अधिकृतको धारणा

स्थानिय पाठ्यक्रम निर्माणका लागी विद्यालयहरुबाट प्रस्ताव नआउनु, विद्यालयहरुमा अंग्रेजीलाई जटिल विषयका रुपमा लिएकाले अंग्रेजीलाई नै बढी जोड दिनु , समुदायमा मातृभाषाका विज्ञ विद्धान नपाउनु/पाए पनि पाठ्यक्रम सम्बन्धि जानकारी नहुनु, पाठ्यक्रम निमार्णका लागी सरकारीस्रोतवाट पूर्ण बजेटको व्यवस्था गर्न नसक्नु , स्थानिय पाठ्यक्रमको कार्यान्वयनको अनुगमन तथा सुपरिवेक्षणको स्पष्ट आधार नहुनु , विद्यालयको नेतृत्वले स्थानिय पठ्यक्रम निर्माणमा झन्झट मान्नु , उराव भाषाका शिक्षकका  लागी मात्र छुट्टै तालिमको व्यवस्था गर्न नसक्नु ,उराव भाषाका सामाग्रीहरु प्रशस्तै प्राप्त गर्न नसक्नु,  विद्यालय र भाषिक समुदाय विच संयोजनकारी भूमिका खेल्ने निकायको अभाव, विद्यालय व्यवस्थापन समितीलाई स्थानिय पाठ्यक्रम सम्बन्धमा जानकारी नरहनु स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा प्रमुख समस्याको रुपमा रहेको कुरा शिक्षा कार्यलयका अधिकृतले बताउनु भयो ।

प्रस्तुत समस्या समाधानका लागी विद्यालय प्रशासन तथा विद्यालय व्यवस्थापन समितिलाई स्थानिय पाठ्यक्रम सम्बन्धमा जानकार तथा सचेत बनाउनु पर्ने, विद्यालयहरुमा स्थानिय पठ्यक्रमको निर्माण, कार्यान्वयन, अनुगमन र सुपेरिवेक्षणका लागी बजेट व्यवस्था गर्नुपर्ने, समुदायमा रहेका स्थानिय मातृभाषाका विद्धान तथा विद्यालय विच पुलको कार्य स्थानिय निकायले गर्नुपर्ने, केन्द्रिय तहवाट स्थानिय पाठ्यक्रम निर्माण कार्यलाई प्रथमिकतामा राखि अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरा जिल्ला शिक्षा कार्यालयका अधिकृतले बताउनु भयो ।

### ४.३.५ स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धमा देखा परेका समस्या तथा समाधानको उपाय सम्बन्धमा तालिम केन्द्रका अधिकृतको धारणा

विद्यालयहरुमा स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धमा रहेका समस्या सम्बन्धमा शैक्षिक तालिम केन्द्र सुनसरीका अधिकृतको धारणा वुझ्दा उहाँको अनुसार विद्यालयहरुमा स्थानिय पाठ्यक्रम निर्माणका लागी सहयोगको अनुरोध नआउने, स्थानिय पाठ्यक्रम  निर्माण सम्बन्धमा एकपटक बाहेक अभिमुखिकरण कार्यक्रम सञ्चालन नभएको, विद्यालयले पाठ्यक्रम निर्माणमा झन्झट मान्ने, स्थानिय स्तरमा पाठ्यक्रम निर्माणका लागी जनशक्ति अभाव, बजेट अभाव, समुदायमा आफ्नो भाषा प्रति सचेतनाको कमि, उराव भाषाको लिपिको अभाव, उराव भाषाको पाठयसामग्री अभाव, अनुगमन तथा सुपरिवेक्षणको स्पष्ट व्यवस्था नहुनुलाई समस्याको रुपमा उल्लेख गर्नुभयो ।

प्रस्तुत समस्या समाधानका लागी केन्द्रिय तहबाट स्पष्ट निर्देशन र अनिवार्य कार्यान्वयनको व्यवस्था सहित बजेट विनियोजन गरी आफ्ना स्थानिय स्तरका कार्यालयहरुको प्रभावकारी परिचालन गर्नु पर्ने, स्थानिय समुदायमा आफ्नो मातृभाषाको प्रयोग र विस्तार सम्बन्धमा जनचेतना विस्तारका कार्यक्रम प्रभावकारी ढङ्गले सञ्चालन गर्नु पर्ने, उराव भाषाको लिपिको खोजका लागी केन्द्रिय तहबाट सहयोग प्रदान गर्नुपर्ने, स्थानिय पाठ्यक्रमको कार्यान्वयनको अनुगमन तथा सुपरीवेक्षण नियमित तथा व्यवस्थित रुपले गर्नुपर्ने कुरा समस्या समाधानको उपाय अन्तर्गत बताउनु भयो ।

### ४.३.६ स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धमा देखा परेका समस्या तथा समाधानको उपाय सम्वन्धमा स्थानिय विषय शिक्षण गर्ने शिक्षकको धारणा

स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धमा देखा परेका समस्या सम्बन्धमा ३ जना शिक्षकको धारणा बुझ्दाको नतिजा निम्नानुसार पाइयो

तालिका १४

स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा देखापरेका समस्या सम्वन्धमा विषय शिक्षकको धारणा

| कस | समस्या | शिक्षकको सख्या | शिक्षकको प्रतिसत |
|---|---|---|---|
| १ | स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा बजेट अभाव | ३ | १०० |
| २ | स्थानिय पाठ्यक्रम निर्माणका लागी जनशक्ति अभाव | २ | ६६.६६ |
| ३ | स्थानिय पाठ्यक्रम निर्माणमा सरोकारवालाको चासोमा कमि | ३ | १०० |
| ४ | पाठ्यक्रम छोटो समयमा निर्माण गरी कार्यान्वयन गर्नु | १ | ३३.३३ |
| ५ | उराव भाषाको पूर्ण लिपी प्राप्त हुन नसक्नु | १ | ३३.३३ |
| ६ | स्थानिय पाठ्यक्रम उराव भाषामा तयार गर्न नसकि देवानागरिक लिपीमा तयार गर्नु | १ | ३३.३३ |
| ७ | उराव भाषाको शव्दकोषको अभाव | १ | ३३.३३ |
| ८ | उराव भाषाका लेखरचनाको अभाव | १ | ३३.३३ |
| ९ | बहुभाषिक विद्यार्थीका कारण कक्षा व्यवस्थापनमा समस्या | १ | ३३.३३ |
| १० | अभिभावकहरुको अंग्रेजी भाषा प्रतिको मोह | ३ | १०० |

(स्रोत :स्थलगत सर्वेक्षण २०७०)

स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनको समस्या सम्बन्धमा शिक्षकको धारणा वुभ्दा १००% शिक्षकहरुले स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा बजेट अभाव, स्थानिय पाठ्यक्रम निर्माणमा सरोकारवालाको चासोमा कमि, अभिभावकहरुको अंग्रेजी भाषा प्रतिको मोहलाई समस्याको रुपमा प्रस्तुत गरे । त्यस्तै ६६.६६% शिक्षकहरुले स्थानिय पाठ्यक्रम निर्माणका लागी जनशक्ति अभावलाई समस्याको रुपमा देखाउनु भयो । ३३.३३% शिक्षकले पाठ्यक्रम छोटो समयमा  निर्माण गरी कार्यान्वयन गर्नु , उराव भाषाको पूर्ण लिपी प्राप्त हुन नसक्नु , स्थानिय पाठ्यक्रम देवानागरिक लिपीमा तयार गर्नु , उराव भाषाको शव्दकोषको अभाव, उराव भाषाका लेखरचनाको अभाव बहुभाषिक विद्यार्थीका कारण कक्षा व्यवस्थापनमा समस्यालाई समस्याको रुपमा प्रस्तुत गनु भयो ।

स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा देखिएका समस्याको समाधान सम्बन्धमा छनोटमा परेका विद्यालयका स्थानिय विषय शिक्षण गर्ने शिक्षकहरु सँग जिज्ञासा राख्दा प्राप्त समस्या समाधानका उपायहरु  निम्न छन :-

तालिका १५

स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनका  समस्याको समाधानका उपाय सम्वन्धमा विषय शिक्षकको धारणा

| कस | समस्या समाधानका उपायहरु | शिक्षकको सख्या | शिक्षकको प्रतिसत |
|---|---|---|---|
| १ | स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागी बजेट व्यवस्थापन गरेर | ३ | १०० |
| २ | स्थानिय पाठ्यक्रम निर्माणकालागी जनशक्ति व्यवस्थापन गरेर | २ | ६६.६६ |
| ३ | स्थानिय पाठ्यक्रम निर्माणमा सरोकारवालालाई जिम्मेवार बनाएर | ३ | १०० |
| ४ | पाठ्यक्रम निर्माणमा विज्ञको सहयोग उपलब्ध गराएर | ३ | १०० |
| ५ | उराव भाषाको लिपी, लेखरचना तथा शब्दकाषको खोज,निर्माण तथा प्रकाशनमा सहयोग पुर्याएर | १ | ३३.३३ |

(स्रोत :स्थलगत सर्वेक्षण २०७०)

स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा देखिएका समस्या समाधानका उपाय सम्बन्धमा सहभागी शिक्षकहरु मध्ये १००% (अर्थात सवै)ले स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागी बजेट व्यवस्थापन गरेर, स्थानिय पाठ्यक्रम निर्माणमा सरोकारवालालाई जिम्मेवार बनाएर, पाठ्यक्रम निर्माणमा विज्ञको सहयोग उपलब्ध गराएर, समस्या समाधान गर्न सकिने कुरा बताउनु भयो । त्यस्तै ६६.६६% (अर्थात २ जना)ले स्थानिय पाठ्यक्रम निर्माणकालागी जनशक्ति व्यवस्थापन गरेर समस्या समाधान गर्न सकिने वताउनु भयो । त्यस्तै ३३.३३% (अर्थात १ जना)ले उराव भाषाको लिपी, लेखरचना, शव्दकोषको खोज तथा प्रकाशनमा सहयोग पुर्याएर स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनका समस्याको समाधान गर्न सकिने धारणा राख्नुभयो ।

# परिच्छेद : पाँच

# प्राप्ति,निष्कर्ष र सुझावहरु

सामुदायिक प्राथमिक विद्यालयमा स्थानिय पाठ्यक्रमका रुपमा उराव भाषाको पाठ्यक्रमको निर्माण र कार्यान्वयनको अवस्था सम्बन्धमा छनोटमा परेका तीन वटा प्राथमिक विद्यालयहरुमा तथ्याङ्क संकलन गरि अध्ययन गर्दाका प्राप्तिहरु निम्नानुसार छन ।

## ५.१ प्राप्तिहरु

स्थानिय आवश्यकतालाई सम्बोधन गर्न शिक्षालाई स्थानिय आवश्यकतामा आधारित बनाउनु पर्ने मान्यताले विश्वव्यापि रुपमा महत्व पाइरहेको वर्तमान अवस्थामा एकातर्फ स्थानिय चाहाना, आवश्यकता, साँस्कृतिक लगाव बढ्दो छ भने अर्को तर्फ विश्वव्यापिकरणको प्रभावको कारणले एक स्थानमा सिकेको ज्ञान, सिप विश्वको अर्को कुनै स्थानमा उपयोग गर्न सकिने अवस्था सिर्जना भइरहेको छ । शैक्षिक विकेन्द्रकरणको धारण अनुरुप प्राथमिक तहमा स्थानिय पाठ्यक्रमको रुपमा उराव भाषाको पाठ्यक्रम निर्माण र कायान्वयनको अवस्था सम्बन्धमा अध्ययन गर्दाका प्राप्तिलाई निम्नानुसार उल्लेख गरिएको छ ।

सुनसरी जिल्लाको प्रकाशपुर स्रोत केन्द्र अन्तर्गतका २ वटा प्राथमिक विद्यालय र दुहवि स्रोत केन्द्र अन्तर्गतको एउटा प्राथमिक विद्यालयलाई नमूनाको रुपमा लिएर अध्ययन गर्दा श्री प्रकाश सुनिल प्रा.वि. तथा श्री कर्मा प्रा.वि.मा स्थानिय पाठ्यक्रमका रुपमा अंग्रेजी विषयको पाठ्यपुस्तक र श्री शारदा प्रा.वि.सिमरियामा कक्षा १-३ मा उराव(झाँगड)र पूर्वेलि थारु भाषाको पाठयक्रम स्थानिय स्तरमा निर्माण गरी पाठ्यपुस्तकको विकाश गरी प्रयोग गरेको पाइयो तर सोहि विद्यालयको कक्षा४-५मा भने अंग्रेजीको पाठ्यपुस्तकलाई स्थानिय पाठ्यक्रमको रुपमा प्रयोग गरेको पाइयो ।

स्थानिय पाठ्यक्रमको निर्माणमा श्री शारदा प्रा.वि.सिमरियामा शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिती,जातिय संगठन,वुद्धिजिवी र शिक्षा विद्धको संलग्नता पाइयो तर अंग्रेजी विषयको छनोटमा स्रोत केन्द्र स्तरमा प्र.अ.हरु विच सामुहिक छलफल गरी स्पष्ट पाठ्यक्रम विनानै पाठ्यपुस्तकको प्रयोग गरेको पाइयो । स्थानिय समुदायको चाहना अनुसार उराव भाषाको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिएको विद्यालयमा विद्यार्थी संख्या बढी, उराव भाषाको सिकाइ उपलब्धि बढी र कक्षा छाडने विद्यार्थी संख्या कम पाइयो । त्यसको विपरित अंग्रेजी विषय स्थानिय पाठ्यक्रमको रुपमा प्रयोग गरिएका विद्यालयमा विद्यार्थी संख्या कम, सिकाइ उपलब्धि कम र कक्षा छाडने विद्यार्थी संख्या बढी पाइयो ।

उराव भाषाको कक्षा १-३ को स्थानिय पाठ्यक्रममा सुनाइ, वोलाइ, पढाइ र लेखाइ गरी चारवटा भाषिक सिपलाई जोड दिएको पाइयो । जहाँ सुनाइ, वोलाइ, पढाइ र लेखाइका लागी अलग-अलग पाठ्यभार निर्धारण गरी कार्यान्वयन गरेको पाइयो । उराव भाषाको पाठ्यक्रमको कार्यान्वयनका

लागी पाठ्यपुस्तक निर्माण गर्दा कक्षा १-३ मा दशवटा विद्या अर्न्तगत पर्ने गरी कक्षा १ मा २६ वटा, कक्षा २ मा १८ वटा र कक्षा ३ मा १८ वटा पाठ राखेको पाइयो । उराव भाषाको शिक्षणका लागी अलगै शिक्षकको व्यवस्था गरी शिक्षकले स्थलगत भ्रमण, स्थानिय बुद्धिजिवीसँग छलफल, साँस्कृतिक कार्यक्रमको अवलोकन गर्ने गराउने गरेको पाइयो । उराव भाषाको मूल्याङ्कनका लागी शिक्षकले लिखित परीक्षा, मौखिक परीक्षा, स्थानिय साँस्कृतिक कार्यक्रमको अवलोकन सार कथन र परियोजना कार्य गर्ने गराउने गरेको पाइयो । स्थानिय पाठ्यक्रमको शिक्षणमा ठोस बस्तुहरु, नमुनाहरु, तस्विरहरु, स्थानिय सामाग्रीहरु र साँस्कृतिक कार्यक्रमको अवलोकन प्रयोग गरेको पाइयो ।

स्थानिय पाठ्यक्रम निर्माणका लागी गाउँ विकास समिति, विद्यालय प्रशासन, स्रोत केन्द्र, जिल्ला शिक्षा कार्यालय, तालिम केन्द्र कम जिम्मेवार पाइयो । स्थानिय पाठ्यक्रम निर्माणमा बजेट अभाव, जनशक्तिको कमि, सामाग्रीको अभाव अनुगमन तथा सुपरिवेक्षणको कमी जस्ता समस्याहरु पाइए ।

## ५.२ निष्कर्षहरु

स्थानिय पाठ्यक्रमको रुपमा उराव भाषाको पाठ्यक्रमको निर्माण र कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन गर्दा सुनसरी जिल्लाको दुहवि स्रोत केन्द्र अन्तर्गतको श्री शारदा प्रा.वि. सिमरियामा कक्षा १-३ मा उराव भाषाको स्थानिय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरेको पाइयो तर अन्य उराव वाहुल्य क्षेत्रमा पनि स्थानिय पाठ्यक्रमको रुपमा उराव भाषाको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन नगरेकोले स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवस्था कमजोर देखियो । स्थानिय पाठ्यक्रम निर्माणमा गाउँ विकास समिति, स्रोत केन्द्र, जिल्ला शिक्षा कार्यालय र तालिम केन्द्रको खासै सहभागिता नभएकाले शिक्षा क्षेत्रमा स्थानिय स्तरमा विद्यालय भन्दा माथीका यी माथी उल्लेखित निकायहरु स्थानिय पाठ्यक्रम प्रति कम सचेत र कम जिम्मेवार छन भन्ने निष्कर्ष निस्कन्छ ।

## ५.३ सुझावहरु

यस अध्ययनको क्रममा स्थानिय पाठ्यक्रमको निर्माण र कार्यान्वयन सम्बन्धमा देखिएका समस्या तथा तीनको समाधान सम्बन्धमा रहेका सुझावहरुलाई केन्द्रिय तह, जिल्ला तह र विद्यालय तहका लागी अलग-अलग गरी प्रस्तुत गरिएको छ ।

### ५.३.१.केन्द्रिय तहका लागी सुझावहरु

स्थानिय पाठ्क्रमका रुपमा प्राथमिक तहको कक्षा १-५ मा १०० पूर्णाङ्कको विषयको व्यवस्था गर्नु पर्ने प्रावधान रहेता पनि त्यसको कार्यान्वयन कमजोर रहेकोले विद्यालयहरुमा स्थानिय पाठ्यक्रम निर्माणका लागी बजेट व्यवस्था, पाठ्यक्रम निर्माणका लागी विज्ञको सेवा उपलब्ध, पाठ्यक्रम निर्माणका लागी जनशक्ति निर्माण तालिमको व्यवस्था, पाठ्यक्रम लागु गर्दा विषयको छनोट पाठ्यक्रम विना गर्ने परिपाटीको अन्त्य, स्थानिय भाषिक समुदायको लिपीको खोज, शब्दकोषको निर्माण, त्यो भाषा सँग सम्बन्धित लेख रचनाको प्रकाशन जस्ता कुराहरुलाई केन्द्रिय तहमा निती निर्माणकै क्रममा सुनिश्चित गर्नु पर्ने सुझाव सहभागिहरु वाट पाइयो ।

### ५.३.२ जिल्ला तहका लागी सुझावहरु

स्थानिय पाठ्यक्रमको निर्माणका लागी दिइएका गोष्ठि तथा अभिमुखिकरण तालिम अपर्याप्त रहेकाले स्थानिय परिवेश तथा समुदाय सुहाउँदा स्रोत केन्द्र र विद्यालयहरुलाई स्थानिय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयनमा सहजिकरण गरी तालिम तथा अभिमुखिकरण कार्यशाला सञ्चालन गर्नु पर्ने देखिन्छ । जिल्ला शिक्षा कार्यालयले स्थानिय पाठ्यक्रमको निर्माण, कार्यान्वयन तथा छनोटको अनुगमन तथा सुपरिवेक्षण गर्नु पर्दछ ।

त्यस्तै स्रोत केन्द्रले स्थानिय गाउँ विकाश समिति तथा भाषिक समुदायको समेत सहयोग लिइ आवश्यकता मिल्ने विद्यालयहरुमा एकै प्रकारको स्थानिय पाठ्यक्रम निर्माणमा पहल गर्नु पर्दछ ।

### ५.३.३ विद्यालय तहका लागी सुझावहरु

विद्यालयहरुले पाठ्यक्रममा व्यवस्था गरिएको स्थानिय पाठ्यक्रमको निर्माण तथा कार्यान्वयनका लागी स्रोत केन्द्रको समन्वयमा विद्यार्थी, अभिभावक, शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति, शिक्षक, प्र.अ., स्थानिय निकाय(गाउँ विकास समिति, गाउँ शिक्षा समिति), वुद्धिजिवी तथा पाठ्यक्रम विद्धहरुको भेला, छलफल, अन्तरक्रिया, गोष्ठि , सेमिनार आदि कार्यक्रमहरु सञ्चालन गरी पारदर्शितालाई अवलम्बन गर्दै स्थानिय आवश्यकतालाई आत्मसाथ गरी स्थानिय पाठ्यक्रमको निर्माण र कार्यान्वयन गर्नु पर्दछ ।

## सन्दर्भ ग्रन्थहरु


अर्याल, प्रल्हाद (२०६६) *शिक्षा पुनरावलोकन,* शिक्षा सेवा शिक्षामन्त्रालय

अधिकारी,विष्णुप्रसाद (२०६८) *निम्नमाध्यमिक तथा माध्यमिकशिक्षक (बढुवा)दिग्दर्शन बागबजार* काठमाण्डौ : आशिष बुक्स हाउस प्रा. लि.

उपाध्याय,अशोकभक्त (२०६५) *शैक्षिकबिकेन्द्रिकरणको आवश्यकता र समस्या,* काठमाण्डौ : शैक्षिक योजनातथाव्यवस्थापन समाज नेपाल

केन्द्रियतथ्याङ्क विभाग, (२०६९) *राष्ट्रिय जनगणना २०६८ संक्षिप्तनतिजा,* काठ्माण्डौः नेपाल सरकार राष्ट्रिय योजनाआयोगको सचिवालयथापाथली

खनाल,पेशल ( २०६५) *शैक्षिक अनुसन्धान पद्धति* , काठमाण्डौ : सनलाइट पब्लिकेशन भण्डार

खनाल,श्रीप्रसाद (२०६४) पाठ्यक्रम सिद्धान्त, काठ्माण्डौ : जुपिटर पब्लिकेशन एण्ड डिस्ट्रिव्युटरस प्रा.लि.

खतिवडा,दैवप्रसाद(२०६८) *व्याकर्णिक कोटिका आधारमा नेपाली र झाँगड् भाषाको व्यतिरेकीअध्ययन* (शोध )

पाठ्यक्रम विकास केन्द्र, (२०५९) *पाठ्यक्रम तथा पाठ्यसामग्री विकास निर्देशिका,* भक्तपुर

पाठ्यक्रम विकास केन्द्र, (२०६३) प्र*ाथमिक शिक्षा पाठ्यक्रम कक्षा १- ३,* भक्तपुर

पाठ्यक्रम विकास केन्द्र, (२०६५) *प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४- ५,* भक्तपुर

पाठ्यक्रम विकास केन्द्र, (२०६७) *स्थानिय पाठ्यक्रम स्रोत तथा प्रशिक्षण सामग्री,* भक्तपुर

भट्टराई, ज्ञानेश्वर (२०५५) *बृहत ज्ञानकोष,* काठ्माण्डौ : विद्यार्थी पुस्तक भण्डार

भण्डारी,डा.विश्वनाथ र भण्डारी (पौडेल) सीता (२०६१) *उराव भाषा संस्कृतिको एक झलक* ललितपुर : नेपाल उराव धर्माकर्मा समाज सेवा केन्द्र केन्द्रिय कार्यालय

राई,प्रकाश (२०६५) *उराव (झाँगड) जातिको सामाजिक सांस्कृतिक एवम् आर्थिक स्थिति ( शोध)* काठ्माण्डौ : रत्न पुस्तक भण्डार

वराल,खगराज (२०६६) *स्थानिय पाठ्यक्रमको व्यवहारीक प्रयोग, समस्या र समाधान भक्तपुरः* शिक्षाजगतको वार्षिक पत्रिका शिक्षा

शर्मा,प्रा.चिरञ्जिवि र निर्मला (२०६४) *पाठ्यक्रम र योजना र अभ्यास* काठ्माण्डौ : एम. के पब्लिशर्स एण्ड डिष्ट्रिब्युर्टस

शिक्षा,मन्त्रालय (२०६६) *बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका* काठ्माण्डौं

शिक्षा,मन्त्रालय *,सबैका लागि शिक्षा* (२००४-२००९)

## अनुसूची – १

## प्रधानाध्यापकका लागि अन्तर्वार्ताका मुख्य प्रश्नहरु

नाम :–

विद्यालयको नाम : –

अनुभव : –

१. तपाँई कार्यरत विद्यालयमा कुन समुदायका विद्यार्थीहरु बढी छन् ?

२. तपाँई कार्यरत विद्यालयको प्राथमिक तहमा स्थानिय पाठ्यक्रमका रुपमा कुन् विषय छ ? र किन? उरावभाषाको पाठ्यक्रम राख्नु / नराख्नुको कारण के होला ? यसमा निर्माण प्रक्रिया कस्तो अवलम्बन गर्नुभएको छ ?

३. तपाँई कार्यरत विद्यालयमा स्थानिय पाठ्यक्रमको निर्माण र प्रयोगका लागि कुन् कुन पक्ष संग के कस्ता छलफल र परामर्श गर्नुभयो ? स्थानिय पाठ्यक्रमको निर्माण / छनोट के आधारमा गरिएको छ ?

४. स्थानिय पाठ्यक्रमको निर्माणमा कुन कुन निकायबाट के कस्ता सहयोगहरु प्राप्तभए ?

५. विद्यालयमा कक्षागत रुपमा स्थानिय पाठ्यक्रम एउटै विषयको छ कि छैन ?अलग छ भने कुन -कुन कति कक्षाका लागि छन् ?

६. स्थानिय पाठ्यक्रम अर्न्तगतको विषय शिक्षणको लागि शिक्षकको व्यवस्था सम्बन्धमा के गर्नु भएको छ ?शिक्षकका लागि के कस्ता तालिमको व्यवस्था गर्नु भएको छ ?

७. स्थानिय पाठ्यक्रमको मूल्याङ्कनका लागि के कस्ता तरीका अपनाइएको छ ?

८. स्थानिय पाठ्यक्रमको शंशोधन तथा परिमार्जन सम्बन्धमा के गर्न खोज्दै हुनुहुन्छ ?

९.स्थानिय पाठ्यक्रमको निर्माणमा के कस्ता समस्याहरु पाउनु भयो ?

१०. स्थानिय पाठ्यक्रमको कार्यान्वयनमा के कस्ता समस्याहरु  देखिएका छन् ?

११. स्थानिय पाठ्यक्रमको लागि पाठ्यपुस्तकको व्यवस्था के कस्तो छ ? कसरी मिलाउनु भएको छ ? कार्यान्वयनको अवस्था कस्तो छ ?

१२.स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न के के पर्ला?

१३. स्थानिय पाठ्यक्रमको सम्बन्धमा तपाईले दिने थप सल्लाह सुझाव केहि छन् ?

## अनुसूची – २

### विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि अन्तर्वार्ताका मुख्य प्रश्नहरु

नाम :–

विद्यालयको नाम : –

१. तपाई अध्यक्ष भएको विद्यालयमा कुन समुदायका वालवालिका बढी छन् ?

२. विद्यालयमा प्रयोगमा ल्याइएको स्थानिय पाठ्यक्रम सम्बन्धमा तपाइलाई के के जानकारी छ ? कति - कति कक्षामा कुन कुन पाठ्यक्रम छन् ?

३. विद्यालयमा स्थानिय पाठ्यक्रमको छनोट र निर्माण कसरी हुने गरेको छ ?

४. उराव भाषाको पाठ्यक्रम प्रयोग गर्न / नगर्नु को कारण के हो ?

५. पाठ्यक्रम निर्माणमा को को बाट के कस्ता सहयोग प्राप्त भए ?

६. स्थानिय पाठ्यक्रमको मूल्याङ्कन कसरी गर्दै आउनु भएको छ ?

७. स्थानिय पाठ्यक्रमको शिक्षणका लागि शिक्षकको व्यवस्था कसरी मिलाउनु भएको छ ?

८. पाठ्यक्रमको निर्माणमा के कस्ता चुनौति तथा समस्याहरु आए ?

९. पाठ्यक्रमको कार्यान्वयनमा के कस्ता चुनौति र समस्याहरु छन् ?

१०. पाठ्यक्रम अर्न्तगतका पाठ्यपुस्तकको व्यवस्था कसरी मिलाइएको छ ?

११. पाठ्यक्रमको निर्माण र कार्यान्वयनमा तपाईका सुझावहरु के के छन् ?

## अनुसूची – ३

## स्रोत व्यक्तिका लागि प्रश्नावली

नाम :–

स्रोतकेन्द्र : –

अनुभव : –

१. तपाई कार्यरत स्रोत केन्द्रमा स्थानिय पाठ्यक्रमका रुपमा प्राथमिक तहमा के कस्तो व्यवस्थाहरु छन् ?

२. स्थानिय पाठ्यक्रम निर्माणका लागी स्रोत केन्द्रले के कस्ता तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाइएको छ ? ति कुन कुन हुन ?

३. स्थानिय पाठ्यक्रम निर्माण वा छनोटको आधार के के पाउनु भएको छ ?

४. झाँगड (उराँव) बाहुल्य क्षेत्रमा उराँवभाषाको पाठ्यक्रम निर्माण तथा प्रयोग हुनु / नहुनुका कारणहरु के के देख्नु भएको छ ? पाठ्यक्रम छनोटको आधार के के छन् ?

५.स्थानिय पाठ्यक्रम निर्माणमा माथिल्लो निकायबाट के के सहयोग पाउने गरिएको छ ?

६. स्थानिय पाठ्यक्रम निर्माणमा के कस्ता समस्याहरु झेल्नु परेको छ ?

७. स्थानिय पाठ्यक्रम कार्यान्वयनमा के कस्ता समस्याहरु देखिएका छन् ?

८. स्थानिय भाषाको पाठ्यक्रम अन्तर्गतका पाठ्पुस्तकको व्यवस्था कसरी मिलाइएको छ ?

९. स्थानिय पाठ्यक्रमको मूल्याङ्कन के - कसरी गरिने गरिएको छ ?

१०. स्थानिय पाठ्यक्रमको संशोधन तथा परिमार्जनका लागि के कस्ता अभ्यास प्रयोगमा छन् ?

११. स्थानिय पाठ्यक्रमको विद्यार्थी सिकाइमा कस्तो असर पाउनु भएको छ ?

१२. स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि के के गर्नु पर्ला ?

१३. स्थानिय पाठ्यक्रमका सम्बन्धमा तपाईका केही राय सुझावहरु छन् कि ?

## अनुसूची – ४

### जिल्ला शिक्षा कार्यालयका स्थानिय विषयको पाठ्यक्रम हेर्न अधिकृतका लागि प्रश्नावली

नाम :–

कार्यालय : –

जिम्मेवारी : –

१. सुनसरी जिल्लाको कुन कुन विद्यालयमा प्राथमिक तहमा स्थानिय पाठ्यक्रमको रुपमा उराव भाषाको पाठ्यक्रम प्रयोग गरिएको छ ?

२. उराव भाषाको पाठ्यक्रम कति कक्षा सम्मको लागि तयार गरिएको छ ?

३. स्थानिय पाठ्यक्रम निर्माणमा जिल्ला शिक्षा कार्यालयबाट के कस्तो सहयोग प्रदान गरिएको छ ?

४. अन्य विद्यालयबाट उराव भाषाको पाठ्यक्रम निर्माण सम्बन्धमा कुनै प्रस्ताव आएको पाउनु भएको छ ?

५. स्थानिय पाठ्यक्रम अनुसार उराव भाषाको पाठ्यक्रमको पाठ्यबस्तुको व्यवस्था कसरी मिलाइएको छ ?

६. स्थानिय पाठ्यक्रम निर्माण गर्दा के कस्ता समस्याहरुको सामना गर्नु पर्‍यो ?

७. स्थानिय पाठ्यक्रमको रुपमा उराव भाषाको पाठ्यक्रम कार्यान्वयनमा के कस्ता समस्याहरु छन् ?

८. स्थानिय पाठ्यक्रमको संशोधन तथा परिमार्जनका लागि के के गरिँदै आइएको छ ?

९.स्थानिय पाठ्यक्रमको रुपमा उराव भाषाको पाठ्यक्रम सम्बन्धमा तपाईका केही सल्लाह सुझाव छन् ? छ भने ती के के हुन् ?

## अनुसूची – ५

## शैक्षिक तालिम केन्द्र सुनसरीमा स्थानिय विषयको पाठ्यक्रम हेर्न अधिकृतका लागि प्रश्नावली

नाम :–

कार्यालय : –

जिम्मेवारी : –

१. नेपालका कुन कुन विद्यालयमा प्राथमिक तहको स्थानिय पाठ्यक्रमका रुपमा उराव भाषाको पाठ्यक्रम निर्माण गरी प्रयोगमा ल्याइएको छ ?

२. तपाँई कार्यरत क्षेत्रमा उराव भाषाको पाठ्यक्रम कुन कुन कक्षाको लागि तयार गरिएको छ ?

३. उराव भाषाको पाठ्यक्रमको अवस्था अनुसार पाठ्यपुस्तकको उपलब्धता के कस्तो छ ?

४. स्थानिय पाठ्यक्रम निर्माणमा के कस्तो सहयोग हुँदै आएको छ ?

५. स्थानिय पाठ्यक्रम निर्माणमा के कस्ता समस्या देख्नुभएको छ ?

६. स्थानिय पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्या तपाँइलाई के के थाहाछन् ?

७. पाठ्यक्रमको संशोधन तथा परिमार्जनको सम्बन्धमा के कस्ता प्रयास हुदै आएको छ ?

८. स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनका सम्बन्धमा तपाँईका तर्फबाट के कस्ता सुझाव दिनुहुन्छ ?

## अनुसूची – ६

## स्थानिय विषय शिक्षण गर्ने शिक्षकका लागि प्रश्नावली

नाम :–

विद्यालय : –

१.तपाँई कार्यरत विद्यालयमा स्थानियपाठ्यक्रमका रुपमा कुन विषय राखिएको छ र किन ?

२. स्थानिय विषयका रुपमा उराव भाषाको पाठ्यक्रम राख्नु/नराख्नुका कारणहरु के होला ?

३. स्थानिय पाठ्यक्रम निर्माण सम्बन्धमा के के तालिम लिनु भएको छ ?

४. स्थानिय पाठ्यक्रममा कक्षागत रुपमा कुन कुन विषय शिक्षण गर्नुहुन्छ किन ?

५. स्थानिय पाठ्यक्रम अर्न्तगतका विषयवस्तुको शिक्षणमा के कस्ता शिक्षण विधि प्रयोग गर्ने गर्नु भएको छ ?

६. स्थानिय पाठ्यक्रम अर्न्तगतका विषयवस्तुको शिक्षणमा के कस्ता सामग्री प्रयोग गर्ने गर्नु भएको छ ?

७. विद्यालयमा स्थानिय पाठ्यक्रमको मूल्याङ्कन कसरी गर्ने गरिएको छ ? किन ?

८. स्थानिय पाठ्यक्रम निर्माणमा के कस्ता समस्याहरु पाउनु भएको छ ?

९.स्थानिय पाठ्यक्रम कार्यान्वयनमा के कस्ता समस्या देख्नुहुन्छ ?

१०. स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा तपाँईका सुझावहरु के के  छन् ?

## अनुसूची – ७

## विद्यार्थीका लागि प्रश्नावली

नाम :–

कक्षा :–

विद्यालय : –

क. तपाँईले विद्यालयमा कुन कुन विषयहरु पढ्नुपर्छ ?

ख .तपाईको विद्यालयमा स्थानिय विषयको छनोटमा तपाँई संग सल्लाह गरिएको छ ?

ग. स्थानिय विषयको रुपमा उराव भाषा छान्नु /नछान्नुको कारण के होला?

घ.  स्थानिय विषयको शिक्षणले तपाँईको सिकाइमा कस्तो असर पुऱ्याएको छ ?

# अनुसूची – ८

## गौण तथ्याङ्क संकलनका फारमहरु

विद्यालयको नाम : –

<u>विद्यार्थी विवरण</u>

| | कक्षा १ | | कक्षा२ | | कक्षा३ | | कक्षा४ | | कक्षा५ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | उराव | अन्य | उराव | अन्य | उराव | अन्य | उराव | अन्य | उराव | अन्य |
| अध्ययनरत विद्यार्थी | | | | | | | | | | |
| कक्षा छाड्ने विद्यार्थी | | | | | | | | | | |

<u>विद्यार्थीको कक्षागत तथा विषयगत सिकाइ उपलब्धि विवरण</u>

| विषय | कक्षा १ | कक्षा२ | कक्षा३ | कक्षा४ | कक्षा५ |
|---|---|---|---|---|---|
| १. नेपाली | | | | | |
| २. गणित | | | | | |
| ३ .सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | | | | | |
| ४. विज्ञान, स्वास्थ्य र शारिरीक शिक्षा | | | | | |
| ५. अंग्रेजी | | | | | |
| ६. स्थानिय विषय | | | | | |
| ७. सामाजिक अध्ययन | | | | | |
| ८. सिर्जनात्मक कला | | | | | |
| ९. विज्ञान तथा वातावरण | | | | | |
| १०. स्वास्थ्य र शारिरीक शिक्षा | | | | | |
| औसत | | | | | |

# अनुसूची – ९

## नमुना छनोटको विवरण

| विद्यालय | प्र.अ. | वि.व्या.स. अध्यक्ष | स्रोत व्यक्ति | शिक्षक | विद्यार्थी | वि.नि | प्रशिक्षक |
|---|---|---|---|---|---|---|---|
| १.श्री शारदा प्रा.वि. सिमरिया | छविलाल उराव | कैलु चौधरी | गोविन्द भट्टराई | कालिराम उराव | १.सन्ध्या उराव | दुर्गा प्रसाद खतिवडा | मोति प्रसाद भट्टराई |
| | | | | | २प्रकाश उराव | | |
| २.श्री प्रकाश सुनिल प्रा. वि. प्रकाशपुर | शम्भु यादव | ------ | ओम कोइराला | गिता नेपाल | १.रविन उराव | | |
| | | | | | २.गिता राई | | |
| ३.श्री कर्मा प्रा.वि. भोकाहा | सुरेश ओभ्का | ------ | ओम कोइराला | सुरेन्द्र उराव | १.बच्चु उराव | | |
| | | | | | २.सरिता उराव | | |

## अनुसूची – १०

## उराव भाषाको कक्षागत सिकाइ उपलब्धि विवरण

| क्र सं | क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | भाषिक सिप (क) सुनाइ | १. मौखिक निर्देशन सुनेर पालनागर्न<br>२. जीव जन्तुको आवाज वा बाजाका ध्वनिहरु सुनेर छुट्याउन<br>३. दुई वा धेरै जनाको बिचमा हुने समान्य कुराकानी सुनेर प्रतिक्रिया जनउन<br>४. सरल वाल गीत तथा कथाहरु सुनेर भन्न<br>५. साथीले भनेका कुरा सुनेका आधारमा सोधेका प्रश्नको जवाफ दिन | १. मौखिक निर्देशन सुनेर पालना गर्न<br>२. उस्तै-उस्तै ध्वनि सुनिने शब्द सुनेर छुट्याउन<br>३. दुई वा धेरै जनाको बिचमा हुने सामान्य कुराकानी सुनेर प्रतिक्रिया जनाउन<br>४. बालगित तथा कथाहरु सुनेर भन्न<br>५. शिक्षकले भनेका कुराहरु सुनेका आधारमा सोधेका प्रश्नको जवाफ दिन | १. मौखिक निर्देशन सुनेर पालन गर्न<br>२. उस्तै - उस्तै ध्वनि सुनिने शब्द सुनेर छुट्याउन<br>३. विशेष परिवेशमा भएका कुराकानी सुनेर प्रतिक्रिया जनाउन<br>४. बाल गीत तथा कथाहरु सुनेर भन्न<br>५. समूहमा सुनेका कुरा को आधारमा सोधेको प्रश्नको जवाफ दिन |
| | (ख) बोलाइ | १. वर्णमालाका सग्ला, संयुक्त र मात्रा सहितका वर्ण र शब्दहरु उच्चारण गर्न<br>२. शिष्टाचारका शब्दहरु प्रयोग गरी बोल्ने<br>३. परिचित व्यक्तिसँग | १. संयुक्त वर्णभएका र उस्तै उस्तै ध्वनि सुनिने शब्दहरुको शुद्ध उच्चारण गर्न ।<br>२. शिष्टचारका शब्दहरु प्रयोग गरी बोल्न<br>३. परिचित व्यक्तिसँग | १.संयुक्त वर्ण भएका शब्दहरुको शुद्ध उच्चारण गर्न ।<br>२. शिष्टचारका शब्दहरु प्रयोग गरी बोल्न<br>३. धक नमानी सोधपुछ र कुराकानी र मौखिक |

| | | | | |
|---|---|---|---|---|
| | | सोधपुछ र कुराकानी<br>४. बालगित व्यक्तिगत तथा समूहगत रुपमा हाउभाउ सहित गाउन<br>५. आफुले जानेका बालकथा भन्न | सोधपुछ र कुराकानी गर्न<br>४. बालगीत व्यक्तिगत तथा समूहगत रुपमा हाउभाउ सहित गाउन<br>५. आफुले जानेका बाल कथा भन्न<br>६. पढेका पाठका आधारमा सामान्य किसिम बाट मौखिक रुपले उत्तर दिन | प्रश्नोत्तर गर्न<br>४. बालगीत हाउभाउ सहित गाउन<br>५. आफुले जानेका बालकथा भन्न<br>६.पढेका पाठका आधारमा सोधिएका प्रश्नहरुको मौखिक रुपले उत्तर दिन |
| | (ग) पढाइ | १. सग्ला तथा मात्रा लागेका वर्ण चिन्ह र शुद्धसँग उच्चारण गरी पढ्न<br>२. उस्तै ध्वनि सुनिने वर्ण बिचको भिन्नता छुट्याएर पढ्न<br>३. सामान्य शब्द र सरल वक्य पढ्न<br>४. सामान्य बालगीत तथा कथा सस्वर पढ्न | १. उस्तै ध्वनि सुनिने वर्ण विचको भिन्नता छुट्याएर पढ्न<br>२.बिचमा नरोकिइकन सरल वक्य पढ्न<br>३. सरल बालगीत तथा कथा सस्वर पढ्न<br>४. छोटो उत्तर दिनका लागी आफ्नो पाठ्यपुस्तकको पाठ पढ्न | १. शुद्ध र स्पष्ट उच्चारण गरी वाक्य तथा अनुच्छेद पढ्न<br>२.सरल वालरचना सस्वर पढ्न<br>३. सरल वालकथा मौन पढ्न<br>४.पाठमा दिएका अभ्यासात्मक क्रियाकलापको उत्तर दिन सक्ने गरी पाठ्यपुस्तकको पाठ पढ्न |
| | (घ) लेखाइ | १.देवनागरी लिपिमास्वर तथा व्यञ्जन वर्ण लेख्न<br>२. मात्रा लागेका वर्ण र दिएका चित्रको नाम लेख्न<br>३. सरल शब्द लेख्न | १. तोकिएका बस्तुहरुको नाम लेख्न<br>२. स्वतन्त्र रुपमा परिचित शब्द लेख्न<br>३. वान्की मिलाएर वर्ण लेख्न | १. दिइएका चित्रको बारेमा शिक्षकको निर्देशन अनुसार लिखित वर्णन गर्न<br>२. हिज्जे मिलाएर शब्द लेख्न<br>३. वान्की मिलाएर वर्णहरु ठिक दुरीमा लेख्न |

| | | | | |
|---|---|---|---|---|
| | | ४. सरल वाक्य लेख्न<br>५. पूर्ण विरामको प्रयोग गर्न | ४. सरल शब्द तथा वाक्य श्रुतिलेखन गर्न<br>५. पूर्ण विराम र प्रश्नवाचक चिन्ह लेखन | ४. सरल वाक्यका अनुलेखन गर्न<br>५. पूर्णविराम, अल्पविराम र प्रश्नवाचक चिन्ह प्रयोग गर्न<br>६. पाठमा दिइएका अभ्यासा-त्मक क्रियाको उत्तर लेख्न<br>७. देखेका सुनेका ठाउँको वर्णन गरि लेख्न |
| २. | कार्य-मुलक व्याकरण (क) बहु वचनसर्ग | नाम तथा सर्वनाममा बहुवचन सर्ग प्रयोग गरि लेख्न | नाम तथा सर्वनाममा बहुवचन सर्ग प्रयोग बारे जानकारी | नाम तथा सर्वनाममा बहुवचन सर्ग प्रयोग बारे जानकारी |
| | (ख) अकरण | सामान्य वर्तमान क्रियापद अकरण प्रयोग गरी बोल्न | समान्य वर्तमान र सामान्य भूतकालिन क्रियापदमा अकरण प्रयोग गरी बोल्न | सामान्य वर्तमान र समान्य भूतकालिन क्रियापदमा अकरण प्रयोग गरी बोल्न र लेख्न |
| | (ग) काल | सामान्य वर्तमानका क्रियापद प्रयोग गरी बोल्न | सामान्य वर्तमान र समान्य भूतकालिन क्रियापद प्रयोग गरी बोल्न | सामान्य वर्तमान र समान्य भूतकालिन क्रियापदमा अकरण प्रयोग गरि बोल्न र लेख्न |
| ३. | शब्द भण्डार | ५०० शब्द सम्म प्रयोग गर्न | ७०० शब्द सम्म प्रयोग गर्न | १००० शब्दसम्म प्रयोग गर्न |
| ४. | वाक्यमा शब्द संख्या | तीन चार शब्दका वाक्यमा बोल्न र लेख्न | चार-पाँच शब्दका वाक्य बोल्न र लेख्न | संयोजक प्रयोग गरी पाँच-छ शब्दका वाक्य बोल्न र लेख्न |

(स्रोत : उराव भाषाको पाठ्यक्रम २०६५)